मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६    भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सहभागी होऔँ !!

१३७ औं मे दिवस कार्यक्रम

**जुलुस** : सिद्धपोखरीबाट
**समय** : बिहान ७:०० बजे
**सभा** : सूर्यमढी टोल

आयोजक
नेपाल क्रान्तिकारी मजदुर सङ्घ

★ वर्ष : २८ ★ अङ्क : ९८ ★ ने. सं. ११४६ वछला थ्व, पूर्णिमा ★ शुक्रबार ★ १८ वैशाख, २०८३ ★ May 1, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राष्ट्राध्यक्ष सी चिनफिङद्वारा अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा शुभकामना



पेइचिङ, १७ वैशाख (सीआरआई) । मे १ अन्तर्राष्ट्रिय श्रमिक दिवसको परिप्रेक्ष्यमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले पार्टी केन्द्रीय समितिको तर्फबाट देशभरका श्रमिक सर्वसाधारणलाई शुभकामना र हार्दिक अभिवादन व्यक्त गर्नुभएको छ ।

चालु वर्ष चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको १०५ औं वर्षगाँठ हुनुका साथै १५ औं पञ्चवर्षीय योजना लागू गरिएको पहिलो वर्ष पनि हो भन्दै राष्ट्राध्यक्ष सीले देशभरका श्रमिक सर्वसाधारणले कामदार र श्रम भावना अवलम्बन गर्दै आर्थिक र सामाजिक उच्च गुणस्तरीय विकासलाई अघि बढाउने प्रक्रियामा मुख्य शक्तिको भूमिका निर्वाह गर्दै जाने अपेक्षा राख्नुभएको छ ।

**"छ्यौ श" पत्रिकाद्वारा राष्ट्राध्यक्ष सी चिनफिङको महत्त्वपूर्ण लेख प्रकाशित**

मे १ मा प्रकाशित गरिने नवौं अङ्कको 'छ्यौ श' पत्रिकाले चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङको महत्त्वपूर्ण लेख अर्थात् 'प्रान्तीय मुख्य नेता अधिकृतले पार्टीको २० औं केन्द्रीय समितिको चौथो पूर्ण बैठकको भावनाको अध्ययन गर्ने र त्यसलाई व्यवहारमा उतार्ने विषयगत गोष्ठीमा दिइएको सम्बोधन' शीर्षकको लेख प्रकाशित गर्नेछ ।

उक्त लेखमा पार्टीको २० औं केन्द्रीय समितिको चौथो पूर्ण बैठकमा तोकिएको रणनीतिक निर्णयको विस्तृत र गहन रूपमा बुझ्नुपर्ने, देशभित्र र बाहिरका परिस्थितिको नयाँ परिवर्तनको निश्चित रूपमा मूल्याङ्कन गर्ने र वास्तविक रूपमा आधुनिकीकरण व्यावसायिक प्रणालीको निर्माण गर्ने आदि माग प्रस्तुत गरिएको छ ।

'सी चिनफिङ : शासन व्यवस्था' को पाँचौं भागको अङ्ग्रेजी संस्करणसम्बन्धी चीन मलेसिया पाठक सम्मेलन अप्रिल ३० मा मलेसियाको राजधानी क्वालालम्पुरमा आयोजना गरिएको छ ।

राष्ट्राध्यक्ष सी चिनफिङको महत्त्वपूर्ण रचनामा पूर्वी जगतको बुद्धिमत्ताको प्रतिनिधित्व गरिने महान विकास अनुभव र सञ्चालन विचारधारा

*बाँकी पृष्ठ ८ मा*

## "शासक दलहरू कुनै पनि प्रमुख विपक्षीको भूमिकामा बस्न नचाहेको हुँदा भदौ २३ र २४ गते घटना घटाउनेहरूलाई मौका मिल्यो"




सुर्खेत, १७ वैशाख । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेत जिल्ला समितिको आयोजनामा बिहीबार वीरेन्द्रनगरमा अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "मानिस श्रम गरेर जिउने प्राणी हो । कोही शारीरिक श्रम गर्छन् भने कोही बौद्धिक श्रम । दुवै किसिमका श्रम गर्नेहरू श्रमिक हुन् । मे १ का दिन संसारभरि मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवस शारीरिक र बौद्धिक श्रम गर्नेहरूको विजयको दिन हो । यो दिवसमा हामी सहभागी हुनु जरूरी छ ।"

"नेका, एमाले, माओवादी, रास्वपा, राप्रपालगायत शासक दलहरू प्रमुख प्रतिपक्षीको भूमिकामा बस्न नचाहेको र सरकार भागबन्डामा लागेको हुँदा भदौ २३ र २४ गतेको घटना घटाउने तत्त्वहरूलाई मौका मिलेको हो । भदौ २३ गतेको हत्या र भदौ २४ गतेको हत्यामा संलग्नहरूलाई कारबाही हुनु आवश्यक छ," उहाँले भन्नुभयो ।

नेमकिपाका अध्यक्ष रोहितले दुई-चार वर्षमा कुनै पार्टी र कोही नेता परिपक्व नहुने स्पष्ट पार्नुभएको उल्लेख गर्दै सचिव सुवालले थप्नुभयो, "नेपालमा निर्वाचनबाट सरकारमा गएका पार्टी र तिनका नेताहरू आफ्नो बलबुत्तामा नगएका प्रमाणहरू सार्वजनिक भइरहेको छ ।"

उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न गठित आयोगसँगको बयानमा नेपाल प्रहरी अधिकारीहरूले प्रदर्शनकारीको नाममा भारतीय मूलका, जेलबाट भागेका, राजतन्त्रवादी, गुण्डाहरू, मादक पदार्थ र लागूपदार्थ सेवन गरेकाहरू भएको, सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट घटना नियन्त्रणमा अपेक्षाकृत सहयोग र समन्वय नभएको बताए ।"

सचिव सुवालले भन्नुभयो, "वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टीभीसँगको अन्तर्वार्तामा एक लाख सेनामध्ये असी हजार सेना परिचालन गरी बालेनलाई प्रधानमन्त्री बनाउन सक्ने प्रधानसेनापतिले भदौ २४ गते सिंहदरबार आगजनी भएको निभाउन किन सकेनन् भनी प्रश्न गरे । यसरी नेपाली सेनाबारे प्रश्न उठ्नु देशको सार्वभौमिकता रक्षामा संशय पैदा हुनु हो । नेपाली जनताले इरानी जनताले जस्तै देशभक्तिको भावना देखाउनु जरूरी छ ।"

नेमकिपा कर्णाली प्रदेशका संयोजक सरोजराज गोसाईले अहिलेसम्म सरकारमा गएका शासकवर्गले कर्णालीको समस्याबारे कहिल्यै नसोचेको चर्चा गर्दै कर्णालीमा व्याप्त गरिबी, अन्धविश्वास हटाउन प्रविधि तथा श्रमसँग जोडिएको वैज्ञानिक शिक्षा जनताको पहुँचमा पुऱ्याउनु जरूरी भएको बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

सहभागी होऔँ





देश र जनतामा समर्पित विचाप्रधान
**श्रमिक साप्ताहिकद्वारा**
प्रकाशित
**सम्पादकीय सङ्कलन**
**(तेस्रो खण्ड)** र
**एकक्षण (समसामयिक टिप्पणी सङ्कलन)**
पुस्तक सार्वजनिकीकरण कार्यक्रममा
सहभागी होऔँ !




**कार्यक्रम**
**मिति** : २०८३।०१।१९ गते, शनिबार
**समय** : दिनको २.३० बजे
**स्थान** : ख्वप इन्जिनियरिङ कलेज, लिबाली, भक्तपुर

आयोजक
श्रमिक साप्ताहिक
परिवार

व्यङ्ग्यचित्र कुनो






**नुवाकोट दरबारको जगसतह निर्माण गरिँदै**

नुवाकोटको विदुर नगरपालिका-२ मा अवस्थित ऐतिहासिक सातताले दरबारको पुन:निर्माणअन्तर्गत जगसतह निर्माण हुँदै । विसं २०७२ को गोरखा भूकम्पले क्षतिग्रस्त बनाएको दरबारसहित यहाँका विभिन्न आठ वटा धार्मिक तथा पुरातात्त्विक सम्पदाको पुन:निर्माण चीन सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा सुरु भएको छ । *तस्बिर: रामहरि न्यौपाने/रासस*

# अटो चलाएर आत्मनिर्भर बन्दै महिला

**- हरि परियार**

ललितपुर, १७ वैशाख । यहाँको महाङ्काल गाउँपालिका-४ की मखमली वाइबा पतिको मृत्युपछि कसरी जीविका चलाउने भन्ने सोच्नै सकिरहनुभएको थिएन । एकमात्र विकल्प वैदेशिक रोजगारीमा जाने योजना बनाउँदै उहाँले राहदानीसमेत बनाइसक्नु भएको थियो ।

त्यसैबिचमा गाउँपालिकाले आयोजना गरेको अटो चालक तालिममा सहभागी हुने अवसर प्राप्त गर्नुभयो । "तालिम लिएपछि गाउँमै केही गर्न सकिन्छ कि भन्ने आशा जाग्यो," उहाँले भन्नुभयो । हाल वाइबाले अटो चलाउने 'लाइसेन्स' लिएर गाउँमै अटो चलाउन थाल्नुभएको छ । अटो चलाएर गाउँमै दैनिक तीन हजार रूपैयाँदेखि पाँच हजारसम्म आम्दानी गर्न थाल्नुभएको छ । यसले उहाँको जीविका चलाउन मात्र सहज नभएर आत्मविश्वाससमेत बढाएको छ ।

सोही गाउँपालिका-३ की अनिता वलले पनि घरको चुल्होचौकोबाट बाहिर निस्केर कसरी अर्थोपार्जन गर्न सकिएला भन्ने सोचिरहनुभएको थियो । मखमलीकै जस्तो उहाँलाई पनि अटोचालक तालिमले नयाँ अवसर प्रदान गर्‍यो । अहिले अटो चलाएर उहाँले स्वरोजगार महसुस गर्नुभएको छ । उहाँले भन्नुभयो, "आफैँ कमाउन थालेपछि आत्मसम्मान पनि बढ्दो रहेछ ।"

सुरूआतमा महिलाले सवारी चलाउँदा आश्चर्य र आलोचना दुवै सामना गर्नुपरेको थियो । तर अहिले अवस्था बदलिँदै गएको र यात्रुहरूले सहज रूपमा सेवा लिन थालेको उहाँको अनुभव छ ।

महाङ्काल गाउँपालिकाले कृषि, पर्यटनलगायत अन्य क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । गाउँपालिकाबाट बाहिरिने जनसङ्ख्या घटाउने र स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने उद्देश्यले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको छ । पालिकाकी उपाध्यक्ष डोल्मामाया गोलेका अनुसार अटो ड्राइभिङ तालिमले मखमली र अनिताजस्ता बेरोजगार महिलाको जीवनमा परिवर्तन ल्याएको छ ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिएको तालिममा २२ गृहिणी सहभागी थिए, जसमध्ये १५ जनाले चालक अनुमतिपत्र प्राप्त गरेका छन् । तीमध्ये दुई जनाले अटो व्यवसाय गरिरहेका छन् ।

उपाध्यक्ष गोलेका अनुसार तालिममा सहभागीमध्ये केहीले बिचमै तालिम छाडेका थिए । तालिम लिएकामध्ये बाँकी १३ जना व्यवसायमा जोडिन प्रयासरत छन् । पालिकाले अटो व्यवसाय सुरू गर्न चालक अनुमति पत्र प्राप्त गरेका दुई जनालाई दुई लाख २५ हजार रूपैयाँको दरले आर्थिक अनुदान उपलब्ध गराएको छ । यसले उनीहरूलाई व्यवसाय सञ्चालन गर्न सहज भएको हो ।

गाउँपालिकाले अन्य १३ जनालाई पनि अनुदान उपलब्ध गराउन प्रयत्न गरिरहेको छ । "यसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीयस्तरमा यातायात सेवा पनि सहज बनाएको छ," उपाध्यक्ष गोलेले भन्नुभयो ।

गाउँपालिकाले वडा नं. १ देखि ६ सम्म सञ्चालन हुने अटो सेवाका लागि भाडा दरसमेत निर्धारण गरेको छ । केही सडक कच्ची भएकाले यात्रा चुनौतीपूर्ण भए पनि सेवा विस्तार हुँदै गएको छ । महाङ्काल गाउँपालिकाले अटो ड्राइभिङसँगै अचार बनाउने, सिलाइकटाइ, च्याउखेती लगायतका तालिम सञ्चालन गर्दै महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ । ***(रासस)***

# सुदूरपश्चिममा नौ महिनामा चौध सय फरार कैदीबन्दी पक्राउ

महेन्द्रनगर, १७ वैशाख । सुदूरपश्चिम प्रहरीले बितेको नौ महिनाको अवधिमा यहाँ एक हजार ४६० जना फरार कैदीबन्दीलाई पक्राउ गरेको छ । विभिन्न आपराधिक घटनामा संलग्न हुनुका साथै अदालत र जिल्ला प्रशासन कार्यालयबाट कैद सजाय र जरिवाना गरी फरार रहेका प्रतिवादीलाई पक्राउ गरी कारबाही भइरहेको छ ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक पदम विष्टले चालु आवको नौ महिना (चैत मसान्त) सम्म एक हजार ४६० फरार कैदीबन्दीलाई पक्राउ गरी कारागारसमेत चलान गरिएको बताउनुभयो । प्रदेश प्रहरी कार्यालयका अनुसार यो अवधिमा सबैभन्दा बढी फरार कैदीबन्दी कैलालीबाट ७३२ र तराईको अर्को जिल्ला कञ्चनपुरबाट ४१० जना पक्राउ गरिएको छ ।

प्रवक्ता विष्टका अनुसार प्रदेशको डडेल्धुराबाट १०१, डोटीबाट १२, अछामबाट ४३, दार्चुलाबाट ७३, बैतडीबाट नौ, बझाङबाट ५८ र बाजुराबाट २२ फरार कैदीबन्दी पक्राउ परेका छन् ।

"लामो समयदेखि कैद सजाय भएका फरार प्रतिवादी पक्राउ गर्न यहाँका नौवटै जिल्लामा प्रहरी टोली परिचालित छ", उहाँले भन्नुभयो, "जेनजी आन्दोलनका बेला कारागारबाट भागेका कैदीबन्दी पक्राउ गर्न प्रहरी सबैतिर सक्रिय छ ।"

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सुदूरपश्चिमका कारगारबाट कुल एक हजार ४५८ कैदीबन्दी फरार भएका प्रवक्ता विष्टले जानकारी दिनुभयो । तीमध्ये एक हजार १२० जना पक्राउ परेका छन् । तीन सय ३८ जना अझै फरार छन् । कारागारबाट भागेका अधिकांश कैदीबन्दी भारत गएर लुकेर बसेको हुनसक्ने प्रहरीले जनाएको छ ।

कञ्चनपुरमा प्रहरीले फरार कैदीबन्दी पक्राउ गर्न विशेष अभियान चलाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीले एक सातायता फरार प्रतिवादी ७६ जना पक्राउ गरिएको बताउनुभयो । "पक्राउ परेकामध्ये अधिकांश लागुऔषध मुद्दाका छन्", उहाँले भन्नुभयो । ***(रासस)***

# बालश्रममुक्त उद्योग घोषणा अभियान सुरू

काभ्रेपलाञ्चोक, १७ वैशाख । बनेपा नगरपालिकामा बालश्रममुक्त उद्योग घोषणा अभियान थालिएको छ । यसका लागि बालअधिकार संरक्षण र बालश्रम उन्मूलनलाई प्राथमिकता दिँदै नगरपालिकाले बहुपक्षीय सहभागितामा अनुगमन अभियान सुरु गरिसकेको छ ।

नगरभित्र सञ्चालित विभिन्न उद्योगमा बालश्रमको अवस्था बुझ्न नगरपालिकाले प्रारम्भिक चरणको अभियान सञ्चालन गरी उद्योगमा कार्यरत बालबालिकालाई उद्धारसमेत गरेको हो ।

नगरका जनप्रतिनिधि, महिला तथा बालबालिका शाखा, सुरक्षा निकाय, बालअधिकार संरक्षण समिति, बालक्लब एवं बालसञ्जाल, सञ्चारकर्मी तथा सरोकारवाला निकायको संयुक्त टोलीले पहिलो चरणमा वडा नं १ र ४ अन्तर्गत रहेका इँटा उद्योग, सिसा उद्योग, चप्पल कारखाना, बिस्कुट उद्योग, प्लास्टिक तथा ट्याङ्की उद्योगमा स्थलगत अनुगमन गरेको छ ।

अनुगमनका क्रममा बालश्रम नदेखिएका उद्योगलाई 'बालश्रममुक्त उद्योग'को पहिचान-स्टिकर टाँस गरिएको नगर उपप्रमुख विमला सापकोटा दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार बालश्रम भेटिएका उद्योगलाई तत्काल सचेत गराइएको छ । यस्तै, १८ वर्षमुनिका बालबालिकालाई श्रममा लगाइएको पाइएमा अभिभावकको जिम्मामा घर फर्काउने र पुन:दोहोरिएमा कानुनी कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको नगरपालिकाका उपप्रमुख दाहालले बताउनुभयो ।

अनुगमनका क्रममा वडा नं १ मा सञ्चालित केही सिसा उद्योग तथा चप्पल कारखानामा भने बालश्रम प्रयोग भएको पाइएपछि सम्बन्धित उद्योग सञ्चालकलाई तत्काल सचेत गराउँदै बालबालिकालाई अभिभावकको जिम्मामा पठाइएको छ । उद्योग सञ्चालकलाई भविष्यमा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धतासमेत गराइएको उपप्रमुख दाहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार १ नं वडामा सञ्चालित इँटा उद्योग, वाइन उद्योग, बिस्कुट तथा स्टिल उद्योगमा भने बालश्रम नदेखिएपछि स्टिकर टाँसेर बालश्रममुक्त उद्योग घोषणा गरिएको छ ।

बालबालिकालाई श्रममा लगाउनु कानुनविपरीत भएकाले उनीहरूको भविष्यसँग खेलबाड नगरी उद्योगलाई जिम्मेवार बनाउन र सचेतना फैलाउन यो अभियान सञ्चालन गरिएको दाहालको भनाइ छ । अभियानलाई निरन्तरता दिइने जनाइएको छ । ***(रासस)***

# विद्यार्थी निकेतनमा परियति शिक्षा

भक्तपुर, १७ वैशाख । २५७० औँ बुद्ध जयन्तीको अवसरमा विद्यार्थी निकेतन माध्यमिक विद्यालयमा परियति शिक्षा प्रवचन कार्यक्रम बिहीबार सम्पन्न भयो । उक्त कार्यक्रममा मुनिबिहार भक्तपुरका प्रमुख भिक्षु विपस्वी महास्थवीरले बुद्धले देखाउनुभएको सदाचार र सत्यको बाटोले विद्यार्थी जीवनमा अनुशासन कायम राखी सफल जीवन जिउन सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

बुद्धले पूजा गर्दा भौतिक सामग्रीको प्रयोगमा जोड नदिइकन शुद्ध मनले पूजा गर्ने कुरामा जोड दिएको उल्लेख गर्दै उहाँले बुद्ध शिक्षालाई सम्पूर्ण मानव जगतले अनुशरण गर्नुपर्ने धारणा राख्नुभयो ।

उक्त कार्यक्रमको औचित्यको बारेमा विद्यालयका प्रअ न्हुछेबहादुर खाताखोले विद्यार्थीहरूमा संयम, धैर्यता, लगन र मेहेनतको लागि बौद्ध दर्शनको सान्दर्भिकता अझ बढेको जानकारी दिनुभयो ।

शिक्षक उद्धव दाहालले बुद्धको त्याग र तपस्याको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रमपश्चात् मुनीविहारका बौद्ध शिष्यहरूलाई शिक्षक, विद्यार्थी तथा विद्यालय परिवारबाट विभिन्न स्टेसनरी, सरसफाइका सामग्रीहरू दान गरेका थिए ।

# वर्षापछि वायुको गुणस्तरमा सुधार

काठमाडौँ, १७ वैशाख । गत साता तीव्र रूपमा वृद्धि भएको काठमाडौँ उपत्यकाको वायुको गुणस्तरमा सुधार आएको छ । सुक्खा मौसम र वन डढेलोका कारण बढेको प्रदूषण वर्षासँगै क्रमश: घट्न थालेको हो ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार गत साता वायु गुणस्तर सूचकाङ्क बढेर २४७ पुगेको थियो । उक्त स्तर 'धेरै अस्वस्थ' श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पर्ने भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका थिए । बिहीबार भने प्रदूषण घटेर एक्युआइ ७९ पुगेको छ । जुन 'अस्वस्थ' श्रेणीमा पर्दछ । गत साता काठमाडौँ विश्वको पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा बिहीबार भने २६ औँ स्थानमा सूचीकृत भएको एक्युआइको तथ्याङ्कमा उल्लेख छ ।

# आधा दर्जन पुल अलपत्र

चन्द्रपुर (रौतहट), १७ वैशाख । रौतहट निर्वाचन क्षेत्र नं ३ मा बन्ने आधा दर्जनभन्दा बढी पक्की पुलको काम लामो समयदेखि अलपत्र अवस्थामा रहेको छ ।

ठेकेदार कम्पनीको लापरबाहीका कारण चार वटा ठूलासहित आधा दर्जनभन्दा बढी पक्की पुल बन्न सकेका छैनन् । सो क्षेत्रका सांसद रवीन्द्र पटेलले अलपत्र पारिएको ती पुलको बुधबार निरीक्षण गर्दै निर्माण प्रगतिबारे जानकारी लिनुकासाथै स्थानीयवासीसँग छलफल गर्नुभएको थियो ।

लामो समयदेखि पुल अलपत्र पारिएको जानकारी आफूले पाएको उल्लेख गर्दै उहाँले अब यसको विस्तृत रूपमा अध्ययन गरी छिट्टै ठोस निकास निकालिने बताउनुभयो । उहाँले भन्नुभयो, "पुल निर्माण लामो समयदेखि अलपत्र पारिएको रहेछ, ठेक्का तोडेर नयाँ प्रक्रियामा जाने वा के गर्ने, निर्माण व्यवसायीलाई के गर्ने भन्नेबारे तत्काल निर्णय लिन सरकारको ध्यानाकर्षण गराउँछौँ ।" सांसद पटेलले जनजीविकासँग जोडिएको रणनीतिक महत्त्वको पुल निर्माणलाई यथास्थितिमा राख्न सक्दैनौँ भन्दै यसको चाँडै निकास हुनुपर्नेमा जोड दिनुभयो ।

निर्माण कम्पनीका ठेकेदारलाई पुलको निर्माण कार्य तत्काल सम्पन्न गर्न उहाँले निर्देशन पनि दिनुभयो । सांसद पटेलले विशेषगरी वर्षायाममा पुल नहुँदा खोला तर्नुपर्ने बाध्यता, दुर्घटनाको जोखिम र जनधनको क्षतिलाई गम्भीर विषयका रूपमा उठाउँदै निर्माण कम्पनीलाई जिम्मेवार बन्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "अब कुनै पनि बहाना हुँदैन, परिणाम देखिने गरी काम गर्नुपर्छ, थपिएको तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरेमा ठेक्का रद्द गरेर निर्माण प्रक्रिया अगाडि बढाइने छ ।"

दुवैतर्फ सडक ट्र्याक खुले पनि ठेकेदार कम्पनीले पुल निर्माणको काम अलपत्र पार्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

गुजरा नगरपालिका-१ कोठियारमा रहेको कोठियार-ब्रह्मटोल, रङ्गपुरस्थित लमहा (गुजरा) खोला पुलको ठेक्का सम्झौता भएर २०७३ सालबाट निर्माण सुरु भएको थियो । सो पुलको प्रगति हालसम्म ५० प्रतिशत मात्रै रहेको छ । तीन स्पानको सुपर स्ट्रक्चर निर्माण सम्पन्न भए पनि एक्स्पान्सन जोइन्ट, एप्रोच सडक र रेलिङको काम अझै बाँकी छ ।

यस्तै पिपरियास्थित तरही खोला पुलमा करिब ४५ प्रतिशत मात्र प्रगति भएको छ । सब-स्ट्रक्चर निर्माण सकिए पनि सुपर स्ट्रक्चरको काम सुरु हुन सकेको छैन । विश्व बैंकको सहयोगमा निर्माणाधीन हर्सोहा चोक-चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत पर्ने नमाहा खोला पुलको प्रगति पनि हालसम्म ४५ प्रतिशतमै सीमित रहेको छ । सो पुलको निर्माण कार्य २०७३ सालमा सुरु भई २०८० असारमै सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको थियो ।

यसैगरी, बालचनपुर-जङ्गलसैया सडकअन्तर्गतको लमहा नदी पुलमा भने तुलनात्मक रूपमा सकारात्मक प्रगति देखिएको छ । सो पुलको निर्माण कार्य २०७८ मा सुरु भएको र हालसम्मको प्रगति भने ५३ प्रतिशत रहेको छ । सो पुल निर्माण कार्य विसं २०८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । ***(रासस)***

# विद्यार्थी बोकेको बस दुर्घटना, १३ जना घाइते

झापा, १७ वैशाख । कचनकबल गाउँपालिका-३ मा विद्यार्थी बोकेको बस दुर्घटना हुँदा १३ जना घाइते भएका छन् ।

विद्यार्थी ओसारिरहेको विद्यापानी माध्यमिक विद्यालयको प्र१-०१-००१ ख४४८२ नम्बरको बस दुर्घटना भएको हो । दुर्गाभिट्टाबाट आमबारीतर्फको भित्री सडकमा जाँदै गर्दा प्र१-०१-०१३ प३४८२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा अनियन्त्रित भइ बस पल्टिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । सो दुर्घटनामा बसमा सवार १८ मध्ये १३ विद्यार्थी घाइते भएका छन् ।

घाइते ११ जनालाई उपचारका लागि बिर्तामोडस्थित मनमोहन सामुदायिक अस्पतालमा भर्ना गरिएको छ । दुर्घटनामा मोटरसाइकल चालक कचनकबल-३ का ५२ वर्षीय ओमप्रसाद तिम्सिनाको मुख, टाउको र खुट्टामा चोट लागेको छ । बस चालक फरार रहेको प्रहरीले जनाएको छ । ***(रासस)***

# हलो, हात र घरविहीन सहर : मे दिवस र काठमाडौँ–भक्तपुरका श्रमिकको अदृश्य सङ्कट

सुनिता गाइसी

मे १, अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस । श्रमिकहरूको योगदान, अधिकार र सम्मानको स्मरण गर्ने दिन हो । तर, काठमाडौँ उपत्यकाका धेरै श्रमिकका लागि यो दिन केवल औपचारिकताजस्तो देखिन्छ । सहरलाई चलायमान बनाउने ती हातहरू आफैँ भने असुरक्षित, अस्थिर र घरविहीन अवस्थासँग जुधिरहेका छन् । काठमाडौँको तीव्र सहरीकरणसँगै रोजगारीका अवसर बढेको देखिन्छ । निर्माण क्षेत्र, होटल-रेस्टुरेन्ट, यातायात, घरायसी काम र विभिन्न अनौपचारिक क्षेत्रमा हजारौँ मानिसहरू काम गरिरहेका छन् । तर, यी अवसरहरू प्रायः अस्थायी, असुरक्षित र न्यून पारिश्रमिकमा आधारित छन् । धेरै श्रमिकहरू दैनिक ज्यालादारीमा निर्भर छन्, जहाँ नियमित आम्दानी, सामाजिक सुरक्षा वा स्वास्थ्य सुविधाको सुनिश्चितता हुँदैन । यसैबिच, भक्तपुरको अवस्था पनि फरक छैन, बरु कतिपय सन्दर्भमा झन् जटिल छ । यहाँका इँटा भट्टा, साना उद्योग र निर्माण क्षेत्रमा काम गर्ने श्रमिकहरू प्रायः मौसमी हुन्छन् । उनीहरू गाउँबाट कामको खोजीमा आउँछन् र अस्थायी रूपमा बसोबास गर्छन् । इँटा भट्टामा काम गर्ने श्रमिकहरू लामो समयसम्म धुलो, धुवाँ र अत्यधिक तापमा काम गर्न बाध्य छन्, जसले उनीहरूको स्वास्थ्यमा गम्भीर असर पारिरहेको हुन्छ । विशेषगरी, बालबालिका यसबाट धेरै प्रभावित बन्न पुगेका देखिन्छन् । उनीहरू पोषणयुक्त खानाको अभावमा कुपोषणको शिकार बनिरहेका छन् । बिहानैदेखि आफ्ना बाआमासँग धुलोमा माटोमा रमाउने उनीहरूको दिनचर्या बन्न पुगेको छ । भक्तपुरका धेरै श्रमिकहरू टहरामा बस्न बाध्य छन्, जहाँ आधारभूत सुविधाको अभाव छ । स्वच्छ पानी, सरसफाइ र स्वास्थ्य सेवामा सहज पहुँच नहुँदा उनीहरूको जीवन झन् कष्टकर बनेको छ । कतिपय अवस्थामा बालश्रम र ऋणमा आधारित श्रम सम्बन्धका समस्या पनि देखिन्छन्, जुन अझै समाधान हुन सकेको छैन । कतिपय मानिसहरू कामको खोजीमा आफ्ना गाउँको खेतीपाती हलो जुवा छोडी सुन्दर भविष्यको खोजीमा सहर पसेकाहरू विभिन्न समस्याको घेरामा फस्ने गरेका छन् ।



काठमाडौँमा पनि श्रमिकहरूको बसोबास अवस्था सन्तोषजनक छैन । महँगो घरभाडाका कारण धेरै श्रमिकहरू भीडभाडयुक्त कोठामा वा अनौपचारिक बस्तीमा बस्न बाध्य छन् । उनीहरूको लागि सहर काम गर्ने ठाउँ त हो, तर सुरक्षित र स्थायी रूपमा बस्न योग्य ठाउँ होइन । महिला श्रमिकहरूको अवस्था अझै चुनौतीपूर्ण छ । घरायसी काम, सेवा क्षेत्र वा इँटा भट्टामा काम गर्ने महिलाहरूले न्यून पारिश्रमिक, लामो कार्यघण्टा र विभिन्न प्रकारका शोषणको सामना गर्नुपर्छ । काम र परिवारको दोहोरो जिम्मेवारी बोकेका उनीहरूलाई पर्याप्त सामाजिक र आर्थिक समर्थन उपलब्ध छैन । यस्तो अवस्थामा मे दिवसले उठाउने श्रमिक अधिकारका सवालहरू अझ सान्दर्भिक बन्छन् । केवल औपचारिक कार्यक्रम र भाषणहरूले श्रमिकहरूको वास्तविक समस्या समाधान गर्न सक्दैनन् । आवश्यक छ - नीतिगत सुधार, प्रभावकारी कार्यान्वयन र श्रमिकमैत्री वातावरणको निर्माण ।

काठमाडौँ र भक्तपुरलाई साँच्चिकै श्रमिकमैत्री बनाउन न्यूनतम ज्यालाको कार्यान्वयन, सामाजिक सुरक्षा योजनाको विस्तार, सुरक्षित र सस्तो आवासको व्यवस्था, श्रम सुरक्षाको कडाइ तथा लैङ्गिक समानताको सुनिश्चितता अत्यावश्यक छन् ।

नेपालको श्रम संरचनालाई हेर्दा समस्या अझ स्पष्ट हुन्छ । देशको कुल अर्थतन्त्रको करिब ३८.६ प्रतिशत हिस्सा अनौपचारिक क्षेत्रबाट आउँछ, जसमा अधिकांश श्रमिकहरू संलग्न छन् । यसको अर्थ, ठुलो सङ्ख्या श्रमिकहरू औपचारिक सुरक्षा, न्यूनतम ज्याला, बीमा र श्रम अधिकारको दायराबाहिर छन् । काठमाडौँमा निर्माण, होटल-रेस्टुरेन्ट, यातायात र घरायसी काममा संलग्न धेरै श्रमिक यही अनौपचारिक क्षेत्रमा निर्भर छन् । महिला श्रमिकहरूको अवस्था अझ गम्भीर छ । नेपालमा कार्यरत महिलामध्ये करिब ९० प्रतिशत अनौपचारिक क्षेत्रमा काम गर्छन् । यसले उनीहरूलाई कम पारिश्रमिक, असुरक्षित काम र सामाजिक सुरक्षा अभावको चक्रमा राखेको छ । अध्ययनहरूका अनुसार, नेपालका इँटा भट्टामा लाखभन्दा बढी श्रमिकहरू काम गर्छन्, । यसमा झण्डै १० प्रतिशतसम्म बालश्रममा संलग्न छन् ।

सहरको विकास केवल भौतिक संरचनामा सीमित हुनुहुँदैन । त्यो विकास त्यहाँ काम गर्ने मानिसहरूको जीवनस्तरमा पनि देखिनुपर्छ । जबसम्म श्रमिकहरू सुरक्षित, सम्मानजनक र स्थिर जीवन यापन गर्न सक्षम हुँदैनन्, तबसम्म विकास अधुरो नै रहनेछ ।

यस मे दिवसले हामीलाई एउटा महत्त्वपूर्ण प्रश्न सोध्छ - के हामीले सहर बनाउने हातहरूको जीवन सुधार्न पर्याप्त प्रयास गरेका छौँ ? यदि छैन भने, अब समय आएको छ - नारा होइन, व्यवहारमा परिवर्तन ल्याउने ।

भक्तपुरको सन्दर्भमा हेर्दा समस्या झन् गहिरो देखिन्छ । इँटा उद्योग, जुन काठमाडौँ उपत्यकाको निर्माण अर्थतन्त्रको आधार हो, त्यहाँ मात्र करिब ३ लाखभन्दा बढी श्रमिकहरू कार्यरत छन् । यीमध्ये धेरैजसो मौसमी र आप्रवासी श्रमिक हुन्, जो अस्थायी बसोबास र जोखिमपूर्ण काममा निर्भर छन् ।

# अनौपचारिक क्षेत्रका मजदुर (कर्मचारी) को सामाजिक सुरक्षा

सत्यराम कासिछ्वा

नेपालमा परम्परादेखि अर्थतन्त्रमा ६५ प्रतिशतभन्दा बढी योगदान दिई खेती किसानी गर्दै आएका कृषकलाई अनौपचारिक अर्थतन्त्रको रूप दिई सरकारले कृषकमाथि अन्यायपूर्ण विभेद गरेको छ । जीवनको ९० प्रतिशत खेती किसानीमा लागेको ती कृषक तथा सामान्य एवम् अनौपचारिक मजदुरको बाँच्न पाउने मौलिक हक अधिकार सुनिश्चित छैन । विगतमा त्यहीँ कृषिबाट आर्थिक र सामाजिक रूपमा सुरक्षित भई देश र जनताको जीवनलाई चलायमान बनाउन खेतीकिसानी गर्ने कृषकप्रति राज्यको सम्मान र सहयोग पनि हुन्थ्यो ।

नेपालबाट झण्डै एक करोड श्रम गर्ने जनशक्ति शिक्षा तथा रोजगारीको नाममा विदेश पलायन भइसकेका छन् । देशभित्रको खनिज, वनस्पति, जडीबुटीलगायत अन्य प्राकृतिक स्रोतसाधनको उचित प्रयोग गर्ने र गराउने वातावरण सिर्जना नहुँदा वर्षको कानुनी र गैरकानुनी रूपमा लाखौँलाख युवा बिदेसिए छन् । आर्थिक तथा सामाजिक क्षेत्रको विभिन्न तहमा रोजगारी पाएका श्रमिक (कर्मचारी) हरू समेत नेपालको श्रम तथा सेवा क्षेत्रको सही व्यवस्थापन र मर्यादित नभएको र विदेशको जस्तो तलब नभएको निहुँमा देश छाड्ने प्रवृत्ति बढेको छ । यसमा डाक्टर, इन्जिनियर, पाइलट, नर्सिङ, वकिल, शिक्षकजस्ता दक्ष तथा योग्य एवं सक्षम जनशक्तिलगायत अन्य श्रमिक तथा मजदुरी गर्ने अर्धदक्ष जनशक्ति रहेका छन् । यसरी विदेश पलायन हुँदा अन्य अनौपचारिक क्षेत्रका श्रमिक (कर्मचारी) र नयाँ पुस्ताको हालत कस्तो होला भनेर सजिलै अनुमान लगाउन सकिन्छ ।

नेपालमा ७५ प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्रमा रहेका व्यवसायले विशेष गरेर दैनिक ज्यालादारीमा काम गर्ने रोजगारीको सिर्जना गरेको पाइन्छ । जहाँ सरकारी योजनाको पहुँच नहुँदा ज्यालादारी मजदुरको लामो समयसम्म रोजगार हुने अवसर नै हुँदैन । तर, औपचारिक क्षेत्रजस्तै बैङ्क, सङ्ग्रहालय, न्यायालय, विमानस्थल, विद्युत् प्राधिकरण, खानेपानी संस्थान, टेलिकम, अस्पताल, विद्यालयजस्ता सरकारी सङ्घसंस्थानमा काम गर्ने निजामती, शिक्षकजस्ता राष्ट्रसेवक भन्ने कर्मचारीहरूले ग्रेड रकमसहित आजीवन स्थायित्वसँगै पोशाक भत्ता तथा महङ्गी भत्ता, चाडपर्व खर्च रकम, सञ्चयकोषलगायत आजीवन पेन्सन पाउँदा समेत जनताको काममा ढिलासस्ती, विभिन्न बहानामा नियमविनियममा टेकेर बिदा दिनगन्तीको आधारमा लिने प्रवृत्ति बढ्दो छ ।

अहिले आधुनिकता तथा सेवा क्षेत्रको नाउँमा सेना, प्रहरी, निजामती, शिक्षकजस्ता सेवा क्षेत्रका कर्मचारीलाई स्थायित्वसँगै पेन्सन तथा ग्रेड एवं महँगी तथा पोशाक भत्ता एवम् चाडपर्व खर्चको आजीवन सुविधाको व्यवस्था गरेर कुनै किसिमको सम्झौताबिना कृषकको निःस्वार्थी सेवालाई अवमूल्यन गरिरहेको छ । आज कृषि क्षेत्रमा काम गर्ने कृषकलाई हेलाको दृष्टिकोणले हेरिरहेको छ । व्यापार, व्यवसाय, निर्माण तथा वस्तु उत्पादन सेवामा संलग्न अनौपचारिक अर्थतन्त्रका मजदुरको पीडा र समस्या कृषकको जस्तै मिल्दोजुल्दो छ ।

हरेक श्रमिक (कर्मचारी) ले आठ घण्टा काम गर्नुपर्ने अन्तर्राष्ट्रिय नीतिनियम तथा मापदण्डअनुरूप औपचारिक क्षेत्रका मजदुरले प्रचलित कानुनबमोजिम श्रम सम्झौता, नियुक्तिपत्र, सञ्चयकोष तथा उपदान, ग्रेड रकम, महँगी तथा पोशाक भत्ता एवम् चाडपर्व खर्चको आजीवन सुविधा तथा कार्यालय समयमा चियानास्ता पाउने, जाडोमा हिटर, गर्मीमा पङ्खा चलाउन पाउने तथा दिनगन्तीको आधारमा बिदा लिन पाउने जस्ता सेवासुविधासहित जम्मा छ घण्टा पनि राम्ररी काम गरिरहेका छैनन् । तर, अनौपचारिक क्षेत्रका मजदुरले घामपानी, जाडोगर्मी, हिलोमैलो केही नभनी दैनिक १० देखि १५/१६ घण्टा काम गर्दासमेत औपचारिक क्षेत्रका मजदुरको जस्तो सेवा सुविधा पाउने सपना मात्रै देख्छन् । राज्य र समाजले पनि तिनीहरूलाई फरक नजरले हेर्ने हुँदा त्यस्तो सेवा सुविधाबाट वञ्चित गरिएको हुन्छ ।

अनौपचारिक क्षेत्रका मजदुरको रूपमा रहेका कृषक संसारकै उत्पादनको एक मात्र सक्रिय जनशक्ति वा स्रोतसाधन हो । संसारमा कृषकबिना वस्तु तथा सेवाको उत्पादन असम्भव छ । कृषकले उत्पादनमा लगाएको श्रमको हिस्साको रूपमा पाएको ज्यालाबाट परिवारको दैनिक गुजारा चलाएको हुन्छ । कृषक आफ्नो जीवनकालभरि नै उत्पादनमा सक्रिय भएका हुन्छन् । तैपनि, उसले कुनै प्रकारको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने मौका नै पाउँदैन । जसलाई हामीले उत्पादनशील श्रमिकका रूपमा परिभाषित गरी सम्मान गर्नुपर्छ ।

कुनै पनि देशको सामाजिक र आर्थिक विकासमा उत्पादनशील, उद्यमशील वा अनौपचारिक श्रमिकको महत्त्वपूर्ण भूमिका रहन्छ । तिनीहरू शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रूपले सुरक्षित भएमात्र उनीहरूबाट राष्ट्रले चाहेको लाभ लिन सकिन्छ । औपचारिक श्रमिकभन्दा अनौपचारिक श्रमिकले हरबखत सामाजिक सेवामा निरन्तर कुनै न कुनै रूपमा लागेका हुन्छन् । तैपनि, अनौपचारिक श्रमिकलाई कसैले पनि सम्मान दिन सकेको छैन ।

अनौपचारिक तथा उत्पादनशील क्षेत्रका श्रमिकले कुनै प्रकारको उमेर हद नमानी रोगव्याधि, महामारी तथा जस्तोसुकै दुर्घटना हुँदासमेत परिवार पाल्न उत्पादन तथा निर्माण, व्यापार व्यवसायमा निरन्तर लागेका हुन्छन् । जस्तोसुकै व्यवस्था पनि आफ्नै आर्थिक लगानी गरी स्वरोजगार हुँदै विभिन्न किसिमका शारीरिक, मानसिक तथा आर्थिक जोखिम मोलेर तिनीहरूले देश र समाजप्रति गरेको अप्रत्यक्ष उक्त सेवालाई सरकारले क्षतिपूर्तिसहित पेन्सन दिएर सम्मान गर्न सकेको छैन ।

औपचारिक क्षेत्रका श्रमिक (कर्मचारी) लाई उमेर हद मानी रोगव्याधि, महामारी तथा जस्तोसुकै दुर्घटनामा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभूति स्वरूप ग्रेड, महँगी भत्ता, पोशाक भत्ता, बिदा एवम् चाडपर्व खर्चको आजीवन सुविधालगायत पेन्सनको सुविधा दिँदै सुरक्षित बनाइएको छ । तिनीहरूले आजको कामलाई भोलिवाद प्रवृत्ति अपनाई पुस्तौँपुस्ताका लागि सम्पत्ति जोडे । देश र समाजप्रति गर्नुपर्ने जिम्मेवारीबोधबाट टाढा भाग्न अनेकौँ बहानाबाजी गर्ने परिपाटीले जनता आजित भएका छन् ।

गणतान्त्रिक देशमा औपचारिक क्षेत्रका श्रमिक (कर्मचारी) को कुनै आर्थिक लगानी वा शारीरिक जोखिम मोल्नुपर्ने अवस्था छैन । औपचारिक श्रमिकबाट सुरु गरिएकोमा सामाजिक सुरक्षा कोष परिवर्तन गरेर कृषिलगायत उत्पादनको क्षेत्रमा आफ्नो आर्थिक लगानी गरेर स्वरोजगार हुँदै विभिन्न किसिमका शारीरिक, मानसिक तथा आर्थिक जोखिम मोल्ने अनौपचारिक क्षेत्रका श्रमिकलाई अब प्रमुख प्राथमिकता दिनुपर्छ । एकातिर तिनीहरू सरकारी र त्यसका सम्बन्धित निकायसँग प्रत्यक्ष सम्पर्कमा नरहँदा कानुनी रूपमा दर्ता नभएकोले लामो समयदेखि कानुनबमोजिम सेवा सुविधा प्राप्त गर्न सकिरहेको छैन भने अर्कोतिर सरकार मूकदर्शक भई रेमिट्यान्सको लोभमा वैदेशिक रोजगारमा संलग्नलाई सामाजिक सुरक्षाकोषमा छनोट गर्ने गरेको छ ।

नेपालमा सामाजिक सुरक्षाकोष २०७५ मङ्सिर ११ देखि केही सङ्गठित निजी क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाकोषमा सूचिकृत गरियो भने २०७९ चैत आठदेखि वैदेशिक रोजगार र स्वरोजगारका श्रमिकलाई पनि सामाजिक सुरक्षाकोषमा सूचिकृत गरिएको छ । तैपनि बहुसङ्ख्यक कृषक, ज्यालादारी मजदुरजस्ता अनौपचारिक श्रमिकलाई उक्त सामाजिक सुरक्षा कोषमा समेट्न सकेको छैन ।

२०७२ मा जारी संविधानले समतामूलक समाज समाजवादउन्मुख राजनीतिक तथा आर्थिक प्रणाली स्थापनाका लागि हरेक श्रमिकको सामाजिक सुरक्षासहितको अधिकार प्रयोग गर्न पाउने परिकल्पना गरेको छ । सामाजिक सुरक्षाकोषले नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर तथा सहुलियत र बिनाभेदभाव सम्मान पाउने वातावरण बनाउँछ । उत्पादनशील तथा अनौपचारिक श्रमिक शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रूपमा सुरक्षित हुँदा उत्पादन र उत्पादकत्वमा वृद्धि भई उचित प्रतिफल उत्पादक वा अन्य रोजगारदाताले प्राप्त गर्ने भएकाले ती उत्पादनमूलक क्षेत्रमा काम गर्ने जस्तोसुकै तहको श्रमिकलाई राज्यले पेन्सनलगायत अन्य शीर्षकको भत्ताको व्यवस्था गरिनुपर्छ ।

## मजदुर दिवस

• चन्द्रलाल भोमी

*तिमीले खेत नजोते*
*फल्छ अन्न कहाँ ?*
*अन्न नफले त जीवन चल्छ कहाँ ?*
*कारखानामा श्रम नपोखे*
*उत्पादन हुन्छ कहाँ ?*
*उत्पादन नै नभए त*
*दैनिकी चल्छ कहाँ ?*
*श्रम गरेर बाँच्छौ तिमी*
*‘श्रमजीवी’ ‘श्रमिक’ बन्छौ*
*‘मजदुरी’ मा लगाव राख्छौ*
*‘मजदुर’ भएर सम्मान पाउँछौ*
*विश्वभरि छरिएर ‘विश्व’ चलाउँछौ*
*के धनी, के गरीब देश*
*जतातते तिम्रो श्रमले सबैको पेट पाल्छौ*
*सलाम छ तिम्रो सीप र मेहनतलाई*
*शुभकामना छ ‘विश्व मजदुर दिवस’ को पावन दिनलाई*
*अझै विज्ञान र आधुनिकता मिलोस् श्रममा*
*अझै नयाँ प्रविधि र विकास छाओस् मजदुरीमा ।*

**। सम्पादकीय ।**

# व्यावहारिक शिक्षा दिएर सभ्य र सुसंस्कृत बनाइनुपर्ने

देशको भू-बनोटअनुसार विद्यालयमा भर्ना लिने र कक्षा सञ्चालन गर्ने एउटै समय र दिन सबैको निम्ति सबै ठाउँमा व्यवहारिक नहुन सक्छ । आ-आफ्नो परिस्थितिअनुसार विद्यालयले भर्ना दिने र कक्षा सञ्चालन गर्नुपर्ने हुन्छ । समय अनुकूल विद्यालयले भर्ना लिँदा र कक्षा सञ्चालन गर्दा केन्द्रीय सरकारको निर्णयको अवज्ञा हुँदैन; सरकारको निर्णयविपरीत मानिदैन । स्थानीय तहले आफ्नो ठाउँ अनुकूल काम गर्दा विद्यार्थी, अभिभावक र देशकै निम्ति फाइदा हुन्छ भने त्यसलाई सत्प्रयास मान्नुपर्छ । स्थानीय तह र विद्यालयले गरेको भर्ना र कक्षा सञ्चालन सरकारको विरोधमा गरेका होइनन्; सरकारको निर्णय उल्लङ्घन गर्ने उद्देश्यले गरेका होइनन् । यो कुरा सञ्चारकर्मीहरू पनि प्रस्ट हुनुपर्छ । समयमै कक्षा सञ्चालन गर्दा सरकारलाई नोक्सान हुने होइन, अप्ठेरो हुने होइन । समयमा कक्षा सञ्चालनलाई कसैले पनि गलत ठान्दैन । यो कुरा सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसदहरूलाई थाहा नभएको होइन ।

सञ्चार क्षेत्रले सङ्घीय सरकार र स्थानीय तह तथा शिक्षा मन्त्रालय र स्थानीय स्कूलबिच विवाद बढाउने, द्वन्द्व चर्काउने काम गर्नु उचित होइन । अभिभावक, विद्यार्थी र शिक्षकबिच भड्काउने काम पनि ठीक होइन । सरकारले त बढी दिन स्कूल, कलेज सञ्चालन गर्न उत्साहित गर्नुपर्ने हो; हरेक दिन सरकारी अस्पताल सञ्चालन गरेर बिरामीहरूको स्वास्थ्य सेवा गर्न प्रेरित गर्नुपर्ने हो । अस्पताल, वारुणयन्त्र, एम्बुलेन्स, सरसफाइसम्बन्धी काममा कहिले पनि बिदा दिनुहुँदैन । एक दुई मिनेटभित्रै समयमा उपचार गर्न नपाएर कतिको अस्पतालमा ज्यान गएको हुन्छ भने कति आगलागी नियन्त्रण गर्न नसकेर ठुलो धनजनको क्षति हुन्छ । यस्ता क्षेत्रमा बिदा दिएपछि एकातिर कामको बोझ बढ्छ, स्वास्थ्य सेवामा क्षेत्रमा समयमा काम हुँदैन । यसको कारण कुनै पनि बेला कुनै पनि ठाउँमा दुर्घटनाकै कारण विवाद उत्कर्षमा पुगेर थप क्षति हुनसक्छ । यसले अस्पतालका स्वास्थ्यकर्मी र बिरामी मात्र होइन बिरामी हेरविचार गर्न आएका व्यक्तिहरूबिच झगडा हुने ठुलो सम्भावना हुन्छ ।

शैक्षिक सत्र सुरु एक दुई दिनअघि पछि परेर खासै कुनै असर पर्दैन । केही दिन ढिलो चाँडो हुँदैमा कसैको समर्थन र कसैको अवज्ञा भनी फुकिरहनु जरुरत छैन । बरु, विद्यालय - विद्यालयमा समयमै पाठ्यपुस्तक पुग्नुपर्छ । पाठ्यपुस्तक कुनै ठाउँमा पुग्ने र कुनै ठाउँमा नपुग्ने हुँदा पढाइमा असर पर्छ । हरेक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्नुपर्छ । विषयअनुसार शिक्षक पर्याप्त हुनुपर्छ । विद्यालयको निम्ति आवश्यक शैक्षिक सामग्री, कक्षा कोठा र अन्य भौतिक सामग्रीको उचित व्यवस्था हुनुपर्छ । कति माध्यमिक विद्यालयमा विज्ञान सामग्री हुँदैन; पुस्तकालयको व्यवस्था हुँदैन । विद्यालयको निम्ति आवश्यक यस्ता आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ ।

देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न शिक्षकहरू लाग्नुपर्छ । विद्यार्थीलाई देशभक्तिको भावना मात्र होइन नैतिक शिक्षा दिनुपर्छ । व्यावहारिक शिक्षा दिएर सभ्य र सुसंस्कृत बनाउनुपर्छ । देश बिगार्न होइन बनाउन उत्प्रेरित गर्नुपर्छ । समाजमा घुलमिल गर ाएर समुदायको सेवा गर्नुपर्छ भन्ने भावनाको विकास गराउन विद्यालय लाग्नुपर्छ । विद्यार्थीलाई जिम्मेवारीबोध बनाउने, असल नागरिक बनाउने र स्वदेशमै रहेर देश र जनताको सेवा गर्नुपर्छ भन्ने भावना जगाउनेतर्फ हाम्रो ध्यान जानुपर्छ । विद्यार्थीकालदेखि नै चरित्र, समाज सेवाको भावना जगाउन सकिएन भने उनीहरू धेरै बिग्रिने र कुलतमा लाग्ने सम्भावना हुन्छ ।

सानो तिनो प्राविधिक समस्यालाई अतिरञ्जित बनाउँदा समाजमा गलत सन्देश पुग्छ; समझदारीमा असर पर्छ । त्यसको अर्थ कमी कमजोरी र गलत कार्य र निर्णयको खबरदारी गर्नु हुँदैन भन्ने होइन । भर्ना अभियान र कक्षा सञ्चालन गर्ने सरकारको निर्णय अलि पछि परेको हो । यसबारे सरकारले शिक्षा लिनुपर्छ र आगामी दिनमा सुधार गर्नुपर्छ । कुनै स्थानीय तह या विद्यालयले राम्रो काम गऱ्यो भने त्यसको अनुकरण गर्नु नराम्रो होइन । विद्यार्थीलाई बढी कक्षा सञ्चालन गरेर दीक्षित गर्ने काम राम्रै हो । राम्रो कार्यलाई निरुत्साहित पार्नु ठीक होइन । विद्यार्थीहरूमा शैक्षिक गुणस्तर बढाउन, पढाइमा उत्प्रेरित गरेर दक्ष जनशक्ति तयार गर्नेतर्फ सरकार, स्थानीय तह, अभिभावक, शिक्षक, नागरिक समाज तथा विद्यार्थी सबै जुट्नुपर्छ ।

# जर्मनीमा मजदुर आन्दोलन - २

**का. रोहित**

पेरिसको जून विद्रोहको असफलताको कारणबाट जर्मनीका सामन्त र प्रतिक्रियावादी तत्त्वले टाउको उठाउन थाले । राइन प्रदेशको एक पुँजीपतिको नेतृत्वमा नयाँ मन्त्रिमण्डल गठन भयो । त्यसलाई 'कामको मन्त्रिमण्डल' भन्ने नाउँ दिइयो । तर, त्यसले तुरुन्तै शान्ति-सुरक्षा गर्ने नाउँमा प्रजातान्त्रिक र मजदुर आन्दोलनलाई दबाउन पुलिस राज कायम गर्यो । जर्मनीको दक्षिण-पश्चिम भागको बाडेन, उर्टमवर्ग, बाभेरिया र जर्मनीको जहाँतहीँ प्रजातान्त्रिक सङ्गठनहरूलाई बन्द गरिदियो । ३ जुलाईको दिन कोलोन मजदुर सङ्घका नेताहरू गोटसाल्क र आनेकलाई पक्राउ गर्यो । यसले मजदुरवर्गमा ठुलो आक्रोशको लहर उठायो । मार्क्सले यसलाई उत्तेजना ल्याई कोलोनको मजदुर आन्दोलनलाई प्रसियाली सेनाबाट दबाउन दिने जालझेल भनेर सरकारको पोल खोलिदिनुभयो । ५ जूनको समाचारमा मार्क्सले 'पक्राउ' भन्ने शीर्षकमा एक लेख लेख्नुभयो । त्यसमा उहाँले प्रजातन्त्रको हार हुने कुरोलाई औँल्याउनुभयो । सरकार वास्तवमा 'नयाँ राइन समाचार' लाई दबाउन चाहन्थ्यो । मौका पाइहाल्यो । ६ जुलाईको दिन प्रधानसम्पादक मार्क्स, प्रकाशक कोर्फलाई सोधपुछको निम्ति पुर्जी काट्यो । मार्क्सको नागरिकतालाई अस्वीकार गरिदियो । त्यसले कोलोनका मजदुर साह्रै रिसाए र विरोध गरे । एक प्रतिनिधिमण्डलले स्थानीय अधिकारीहरूलाई भेट्यो । मेन्ज, ट्रिर, आचेन, मानेहम, उल्म, बर्लिन, कोलोन, डसेलफोर्स, ब्रेस्लै र अरू सहरमा पुलिस आतङ्क फैलाउँदै थियो । मार्क्स र एङ्गेल्सले त्यसलाई 'खुकुरीको आतङ्क' भनेर विरोध गर्नुभयो । १४ जून १८४८ को दिन १,६७७ आह्वान र अपिलबाट बर्लिनको राष्ट्रिय सभालाई जनताको मागमाथि बेवास्ता गरेकोमा आलोचना गर्नुभयो ।

११ अगस्ट १८४८ मा प्रजातान्त्रिक सङ्गठनहरूको सभा बस्यो । एङ्गेल्सले कोलोन नेताहरूलाई पक्राउ गर्ने, नगरबाट निकाल्ने र मार्क्सको नागरिकतालाई अस्वीकार गरेकोमा प्रसियाली पुलिसको निन्दा गर्नुभयो । १३-१४ अगस्टको दिन राइन र वेस्टफेलियाको प्रजातान्त्रिक महासभा कोलोनमा बस्यो । मार्क्स समितिमा सदस्य चुनिनुभयो । मार्क्स र एङ्गेल्सको विचारअनुसार सभाले किसानहरूमा प्रचार कार्य चर्काउने निर्णय लियो ।

डेनमार्कमा जनताको आन्दोलन बढ्दै थियो । त्यसैबेला जर्मनी र डेनमार्कको बिचमा युद्ध भयो । त्यस युद्धले डेनमार्कको क्रान्तिकारी सरकार र संविधानसभालाई फाइदा थियो । त्यहाँको राज्यले सेनालाई जनता दबाउने काममा लगाउन थाल्यो । जर्मनहरू आफ्नो क्रान्तिकारी इज्जतको निम्ति फ्रैङ्कफर्ट, बफेनबेच र हानाउका मजदुरहरू र नजिक गाउँका किसानहरू उठे । तर, बेलायत र रुसको दबाबमा प्रसियाले २६ अगस्ट १८४८ मा डेनमार्कसँग युद्ध विराममा सम्झौता गर्यो ।

सेप्टेम्बर महिनामा प्रसियाली सामन्तहरूले जनतामाथि झन्झन् थिचोमिचो गर्न थाले । कोलोनमा १७ औँ रेजिमेन्ट सेना राखिएको थियो । त्यस पल्टनका अफिसरहरू र सिपाहीहरूले जनतालाई हातपात गर्थे । पसलहरूमा लुटेर खान्थे र अनेक बाधा दिन्थे । पसले जनतामा उत्तेजना बढ्दै गइरहेको थियो । बर्लिनमा राष्ट्रियसभा र प्रसियाली राजाको माझमा विरोध चर्किँदै गइरहेको थियो । राजा र सामन्तहरू सबै प्रजातान्त्रिक अधिकार खोस्न चाहन्थे, जर्मनीको गणतान्त्रिक एकीकरण र कुनै किसिमको सुधार चाहँदैनथे । तिनीहरू राष्ट्रिय सभालाई नै भङ्ग गर्न खोज्दै थिए ।

प्रसियाली सामन्तवादको विरोधमा 'नयाँ राइन समाचार' को नेतृत्वमा कोलोन मजदुर सङ्घ र प्रजातान्त्रिक सङ्गठनहरूसँग मिलेर १३ अगस्ट १८४८ मा फ्रान्केन्प्लोनमा ५-६ हजार जनताको जनसभा भयो । जनता बर्लिन राष्ट्रियसभामा आफ्नो प्रतिनिधि पठाउन चाहन्थे । प्रसिया त्यसलाई मान्दैनथ्यो । त्यसको निम्ति एङ्गेल्सको सल्लाहअनुसार ३० जवान सदस्यको एक सुरक्षा समिति बनाइयो । एङ्गेल्सले एक प्रस्तावको खेस्रा गर्नुभयो । त्यस खेस्राले राष्ट्रिय सभालाई जबरजस्ती भङ्ग गरे पनि प्रतिनिधिहरू आफ्नो ठाउँमा बसिरहन आह्वान गरेको थियो । तर, कोलोनको तल्ला पुँजीपतिवर्गको प्रतिनिधिहरूले त्यो आह्वानलाई मानेनन्; सुरक्षा समितिमा आएर सङ्घर्ष गर्न मानेनन् । तर, मार्क्स र एङ्गेल्सले प्रजातान्त्रिक आन्दोलनको सर्वहारावर्गको पक्षलाई नेतृत्व गर्दै हुनुहुन्थ्यो । कोलोनको पुँजीपतिवर्ग तर्सिन थाल्यो ।

१७ सेप्टेम्बर १८४८ मा कोलोनको नजिकै वारिनजेनमा अर्को जनसभा भयो । त्यसमा ८ हजार मानिसहरूले भाग लिएका थिए । दबुलिमा संयुक्त जर्मनीको राज्यको चिह्न कालो रातो सुनौला रङ्गको झन्डा चारैतिर फहरिरहेको थियो । कोलोनका बाहेक डुसेलडोफ, क्रेफेल्ड र अरू नजिकका सहरका मजदुर-किसान र प्रजातान्त्रिक सङ्गठनहरूका प्रतिनिधिहरू पनि उपस्थित थिए । एङ्गेल्स समितिका सचिव चुनिनुभयो । बहुमतले एक 'प्रजातान्त्रिक समाजवादी रातो गणतन्त्र' को प्रस्ताव पारित गर्यो । यसले थाहा हुन्थ्यो कि सभामा क्रान्तिकारी र मजदुरहरूको प्रभाव बढी थियो । त्यस सभाले फ्रान्केन फ्लाजको सुरक्षा समिति र एङ्गेल्सले खेस्रा गर्नुभएको फ्रैंकफर्ट राष्ट्रियसभालाई गरेको आह्वानलाई एकमतले स्वीकार गर्यो ।

२० सेप्टेम्बरको दिन सुरक्षा समिति, प्रजातान्त्रिक र मजदुर लिगको तर्फबाट कोलोनको इसर भवनमा एक भेला भयो । भेलाले १६ सेप्टेम्बरमा डेनमार्कसँग गरेको जनविरोधी युद्ध विराम सन्धिलाई अनुमोदन गर्ने फ्रैंकफर्ट संसद्लाई विरोध गर्यो; त्यसको विरोधमा सङ्घर्ष गर्ने फ्रैंकफर्टका प्रजातन्त्रवादीहरूसँग एकता जाहेर गर्यो । राष्ट्रियसभाको त्यस कार्यलाई जर्मन जनतालाई दिएको धोखाबाजी भनेर निन्दा गरियो । फ्रैंकफर्टका बहादुर लडाकुहरूको तारिफ गरियो । विद्रोहीहरूको र तिनीहरूका परिवारहरूलाई मद्दत गर्न चन्दा उठाइयो ।

कोलोनमा सरकारविरोधी भावना बढ्दै थियो । २५ सेप्टेम्बर १८४८ मा प्रजातान्त्रिक राइन जिल्ला समिति र मजदुर नेताहरू पक्राउ पर्न थाले । त्यस दिन प्रजातान्त्रिक जिल्लाहरूको दोस्रो महासभा थियो । धेरै नेताहरू पक्राउ परेकाले सभा बस्न सकेन । मजदुर लिगको सभा बस्दै थियो । दिउँसो मार्क्सले बिनातयारी र एक्लै विद्रोह नगर्न मजदुरहरूलाई सतर्क गर्नुभयो । राति पुरानो बजारमा जनताको ठुलो भेला थियो । प्रसियाली सेना पुगेको हल्ला फैलियो । मजदुरहरूले बाटा-घाटामा छेकवार लगाउन थाले । नागरिक सुरक्षा गार्डका केही भागमाथि सरकारको विश्वास थिएन । यसकारण, सैनिक अधिकारीहरू सहरभित्र पस्ने साहस गरिरहेका थिएनन् । सरकारले कोलोनलाई घेर्यो र नागरिक सुरक्षा दललाई निःशस्त्र पार्यो । 'नयाँ राइन समाचार' लाई बन्द गरिदियो । त्यसबेला 'नयाँ राइन समाचार' को शब्द र एक एक वाक्य गोली र बमले जस्तै काम गरिरहेको थियो ।

कोलोनमा सरकारी सेनाको घेराले सारा जर्मनीमा असन्तोष फैलियो । वामपन्थी प्रतिनिधिहरूले प्रसियाली राष्ट्रिय सभामा ठुलो विरोध गरे । २ अक्टोबर १८४८ मा जनताको दबाबले कोलोनलाई घेरा दिन छोड्यो । 'नयाँ राइन समाचार' लाई फेरि चालु गर्न दियो । एङ्गेल्स पक्राउबाट बच्न बेल्जियम पुग्नुभयो । त्यहाँ उहाँलाई पुलिसले पक्रेर फ्रान्स पुऱ्याइदियो । फ्रान्सबाट उहाँ हिँडेर स्वीट्जरल्यान्ड पुग्नुभयो ।

प्रशासनका अधिकारीहरू सम्पादक मण्डल फेर्न मार्क्सलाई दबाब दिन थाले । तर, मार्क्स आफ्नो अडानमा रहनुभयो र 'नयाँ राइन समाचार' ले क्रान्तिलाई दूधे गाईमा बदल्न नदिन अनेक आर्थिक कठिनाइ र व्यक्तिगत त्याग र खतरालाई स्वीकार गर्नुभयो । एङ्गेल्स विदेशमा थिए । शापर जेलमा थिए । मोल बेलायतमा थिए । कोलोन मजदुर लिगका अरू साथीहरू पनि तितरबितर थिए । त्यस्तै बेलामा अरू गुट मौका छोप्न अगाडि बढ्यो । लिगको समितिका एक प्रतिनिधिमण्डलले मार्क्ससँग नेतृत्व सम्हाल्न अनुरोध गर्यो । त्यसबेला मार्क्सको बढी समय समाचार पत्र चलाउनमा बित्थ्यो । नागरिकता र अधिकारीहरूको कानुनी अड्चनले उहाँलाई अप्ठ्यारो पारिरहन्थ्यो । यसकारण, मजदुरहरूको अनुरोधलाई उहाँले अस्थायीरूपमा मात्रै स्वीकार गर्नुभयो । २२ अक्टोबर १८४८ मा लिगको साधारणसभाले मार्क्सको अध्यक्षतालाई अनुमोदन गर्यो । फेब्रुअरी १८४९ सम्म मार्क्स अध्यक्ष रहनुभयो ।


६ अक्टोबर १८४८ को दिन भियनाका जनताले विद्रोह गरे । अक्टोबरको अन्तिम हप्तामा जर्मन प्रजातान्त्रिक शक्तिको बर्लिनमा महासभा हुँदै थियो । बर्लिन जान लागेका फ्रैङ्कफर्टका प्रतिनिधिहरू कोलोनमा रोकेका थिए । त्यसबेला मार्क्सले तिनीहरूसँग वामपन्थी प्रतिनिधिहरूलाई मद्दत दिलाउन कुराकानी गर्नुभयो । २६ अक्टोबरदेखि बैठक सुरु भयो । बैठकमा भियनाका जनतालाई समर्थन गर्ने प्रस्ताव स्वीकार गरियो । छलफल बेकारको सङ्गठनात्मक पक्षमा मात्रै भइरहेको थियो । यसकारण, मार्क्सले 'नयाँ राइन समाचार' मा लेख्नुभयो, 'भियनाको भाग्यले सारा जर्मनीलाई पनि असर पार्छ ।' तेस्रो दिनमा मात्रै भियनाको विषयमा छलफल गरियो । वामपन्थीहरूले ठुलो जनसभाको प्रस्ताव राखे । त्यस प्रस्तावको विरोधमा ठुलो सङ्ख्याले बैठकलाई छोडेर गए । बाँकी भएकाहरूले भियनालाई मद्दत गर्न सरकारसँग अनुरोध गर्ने निधो गरे । मार्क्सले नराम्रोसँग आलोचना गर्दै भन्नुभयो, 'प्रजातन्त्रवादीहरू' को महासभालाई जर्मन सरकारसँग प्रस्ताव राख्ने के अधिकार ? जनताले मात्रै भियनालाई मद्दत गर्न सक्छ ।

३० अक्टोबरको दिन एक क्रान्तिकारी अडान लिइयो । त्यो अडान जर्मन कम्युनिस्ट पार्टीको मागहरूबाट लिइएको थियो । प्रजातन्त्रवादीहरूको दोस्रो महासभा टुङ्गिँदा नटुङ्गिँदै भियनामा विद्रोह दबाइयो ।

रोबर्ट ल्वमलाई भियनाको सैनिक अदालतले गोली हानेर मृत्युदण्ड दिएको समाचार बर्लिन पुग्यो । मार्क्स तुरुन्त बैठक भवनको मञ्चमा जानुभयो । ल्वमबारे भियनाबाट आएको समाचार सुनाउनुभयो । बैठकमा आँधी आएजस्तै भयो ।

'भियनामा प्रतिक्रान्तिको विजय' भन्ने लेखमा मार्क्सले भन्नुभयो, 'जर्मनियाली पुँजीपतिवर्ग जस्तो ठुलो अपराधी इतिहासमा अरू छैन, जूनका दिनहरू भन्ने नाटकको पेरिसमा पहिलो अङ्क देखिनासाथै भियनामा त्यसको दोस्रो अङ्क सुरु भयो । ....... अब हामी बर्लिनमा त्यसको तेस्रो अङ्क छिट्टै देख्नेछौँ । जून र अक्टोबरदेखिको उद्देश्यहीन हत्याका पापहरू, फेब्रुअरी र मार्चदेखिको निरर्थक बलिदानका उपहारहरू र प्रतिक्रान्तिको त्यस राक्षसी हत्याले राष्ट्रहरूलाई प्रस्ट पार्नेछ कि त्यसले पुरानो समाजको ज्यानमारा मृत्युका वेदनाहरू र नयाँ समाजको रगताम्य सुत्केरीको व्यथालाई छोट्याउने छ, सजिलो गरी दिनेछ र केन्द्रित गर्नेछ र त्यो बाटो हो क्रान्तिकारी आन्दोलन ।" मार्क्सले प्रसियाको प्रतिक्रान्तिको निर्मम आक्रमणलाई पहिले नै देख्नुभएको थियो ।


*- 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट*



## 'विश्वका मजदुर एक होऔँ'

# १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस





### अमेरिका, स्वतन्त्रता आन्दोलनको भूमि

सन् १४९२ मा पोर्चुगलका यात्री क्रिस्टोफर कोलम्बसले अमेरिका पत्ता लगाए। उनलाई स्पेनका राजाले सहयोग गरेका थिए। अमेरिकामा युरोपेलीहरूको बस्ती विस्तार भयो। सन् १६०७ मा बेलायतीहरूले पनि अमेरिकामा बस्ती बसाउन थाले। बेलायत संसारभरि साम्राज्य विस्तारमा लाग्यो र उसले सन् १७६३ मा अमेरिकाको पश्चिमतिर बस्ती विकासमा प्रतिबन्ध लगायो भने हरेक सामानमा कर लगाउने उद्देश्यले सन् १७६५ मा 'टिकट कर' लगायो।

सन् १७७४ मा अमेरिकाको फिलाडेल्फियामा भएको बैठकले अमेरिकी जनताको स्वीकृतिबिना लगाइएको बेलायती कर फिर्ता गर्न आह्वान गऱ्यो। सन् १७७५ मा बेलायती सेना र अमेरिकी सेनाबिच शत्रुता बढ्दै गयो। सन् १७७६ मा अमेरिकी जनताको इच्छाअनुसार अमेरिकाका १३ वटा राज्य स्वाधीन घोषणा भए। अमेरिकी सेनापति जर्ज वासिङटनको नेतृत्वमा सञ्चालित गुरिल्ला युद्धमा सन् १७८१ मा बेलायती सेनाले आत्मसमर्पण गऱ्यो भने अमेरिकी जनताले विजय प्राप्त गरे। यसरी बेलायती उपनिवेशविरुद्धको स्वतन्त्रता आन्दोलनको भूमि अमेरिका बन्यो।

### अमेरिका, मे १ को मजदुर आन्दोलनको भूमि

आजभन्दा दुई-तीन सय वर्षअघि मजदुरहरूले दिनको १८-२० घण्टासम्म काम गर्नुपर्थ्यो। नाबालकलाई समेत दिनको १२-१३ घण्टा काम गराइन्थ्यो। कामको ज्यालाबाट मजदुरलाई खोर्सानीसँग सुख्खा रोटी आधा पेटमात्र खान पुग्थ्यो। मजदुरको बास छाप्रोमा हुन्थ्यो।

सन् १८३१ मा फ्रान्सका मजदुरहरूले 'काम गर्दै बाँचौं, लड्दा लड्दै मरौँ !' नारा लेखिएको झन्डा (ब्यानर) बोकेर सहर कब्जा गरे। सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा "मजदुर वर्गसँग हार्नको लागि आफूलाई बाँधिएको सिक्रीबाहेक अरु नभएको तर जित्नको लागि सारा संसार भएको" स्पष्ट पार्नुभयो। सन् १८३७ देखि १८५४ सम्ममा बेलायतका ५० लाख मजदुरको हस्ताक्षरसहितको मागपत्र ( चार्टर) संसद्मा पेस भयो। सन् १८७१ मा मजदुरहरूको राज्य 'पेरिस कम्युन' गठन भयो। तर, क्रान्तिकारी सिद्धान्त बोकेको मजदुर सङ्गठनको अभाव, मजदुरहरूमा विभाजन र मजदुर सङ्गठनमा प्रतिक्रियावादी गुप्तचरहरूको घुसपैठ एवम् विदेशी बैङ्कलाई तुरुन्त कब्जा नगरिँदा पेरिस कम्युन तीन महिनामात्र टिक्यो।

सन् १८८६ को मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा कामको समय र ज्याला बढाउने माग राखी देशव्यापी हडतालको आह्वान गरे। शिकागो सहर आन्दोलनको केन्द्र थियो। आन्दोलनमा सरकारका गुप्तचरहरूले नै पुलिसमाथि बम हाने भने प्रतिक्रियावादी सरकारले मजदुर आन्दोलनमाथि गोली बर्साएर दमन गऱ्यो। संरा अमेरिकाभरिका मजदुरहरू ज्वालामुखीझैँ उठे। आठ घण्टाको काम र ज्याला बढाउने मजदुरहरूको माग पूरा भयो। सन् १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा एङ्गेल्सको नेतृत्वमा विश्वका मजदुरहरूको भेला भयो। सो भेलाले संरा अमेरिकाको शिकागो सहरबाट उठेको मे १ को मजदुर आन्दोलनको दिनमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निधो गऱ्यो। पेरिस कम्युनको शिक्षा लिएर लेनिनले बोल्शेभिक पार्टीको नेतृत्वमा सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो। संसारभरि मनाइरहेको अहिलेको दिवस संरा अमेरिकाको शिकागो सहरको मजदुर आन्दोलनको सिलसिला हो।

### संरा अमेरिकामा पनि समाजवाद आउने

यतिखेर ट्रम्प प्रशासनले रुसविरुद्ध युक्रेनमा छद्म युद्ध, प्यालेस्टिनमा नरसंहार तथा भूमि कब्जा र इरान एवम् मध्यपूर्वका देशहरूमा युद्ध छेडेर अक्षम्य अपराध गऱ्यो। भेनेजुयलाका राष्ट्रपति माडुरो दम्पतीको अपहरण गरी न्युयोर्कमा झूटा मुद्दा लगाउने अत्याचार गर्दै छ। सार्वभौम देशहरूमाथि ट्रम्पको सैन्य आक्रमण र व्यापार युद्धले संसारमा इन्धन, आर्थिक र खाद्यान्न सङ्कट बढ्यो। संरा अमेरिकामा हुने-खाने र हुँदा-खाने, काला र गोरा, स्थानीय र आप्रवासीबिच भेदभावको विरोधमा पनि आन्दोलन भइरहेको छ। करोडौँ अमेरिकी जनता ट्रम्प प्रशासनले देश र विदेशमा गरिरहेको अत्याचारको विरोधमा सङ्घर्ष गर्दै छन्। संरा अमेरिकाको हतियारको घमण्ड समाप्त हुँदै छ। प्रतिक्रियावादीहरूको नेतृत्वमा रहेको ट्रम्प प्रशासन र अमेरिकी साम्राज्यवाद ढल्नेछ। संरा अमेरिकामा पनि समाजवाद आउनेछ।

### नेपालका मजदुर आन्दोलन र मजदुर सङ्घमा शासक दलहरूको कब्जा !

बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयता संयुक्त वा पालैपालो सरकारमा गएका नेका, एमाले, माओवादी, जसपा, राप्रपा, राजमो र रास्वपालगायत पार्टीले देश र जनताका समस्या समयमा समाधान गरेनन्। ती शासक दलले सार्वजनिक संस्थानहरू निजीकरण गरे; युवालाई भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा पठाए; कृषिप्रधान देश नेपाललाई दाल, चामल, तरकारी, फलफूलसमेत आयात गर्नुपर्ने परनिर्भर बनाए।

शासक दलहरूले नेपालका नदीनाला कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, पश्चिम सेती, सेती-१, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, मुगु कर्णाली, तिला-१, तिला-२ भारतीय एकाधिकार पुँजीलाई दिए; नेपालमा बिजुली बाल्ने र निभाउने समेत दिल्लीमा राख्ने 'विद्युत् ग्रीड सम्झौता' पारित गरे; नेपालमा अमेरिकी नीति एवम् कानुन पालना गर्नुपर्ने, योजनामा भारतीय सहमति चाहिने 'एमसीसी सम्झौता' र सौर्य ऊर्जा उत्पादन गर्न दिल्लीस्थित मुख्य कार्यालयमा अनुमति लिनुपर्ने 'सौर्य गठबन्धन सम्झौता' पारित गरे।

शासक दलहरूले नेपाली युवालाई 'भाडाको सिपाहीँ' बनाउने सन् १९४७ को 'गोर्खा भर्ती' र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने 'सन् १९५० को नेपाल-भारत सन्धि' खारेज गरेनन् भने नेपालको खुला सिमानामा इलामको पशुपतिनगरदेखि सप्तरीको तिलाठी र लालापट्टि हुँदै नवलपरासीको सुस्ता, महाकालीको दोधारा चाँदनी, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्म भारतीय विस्तारवादले अतिक्रमण गरेको नेपाली भूमि फिर्ता गरेनन्।

यी विषयबारे नेपाल मजदुर किसान पार्टीले सडक र सदनमा शासक दलहरूलाई खबरदारी गर्दै आएको हो तर शासक दलहरू सचेत भएनन्, उल्टो घमण्डी भए। सरकारहरूले देशलाई वर्षको हाराहारी १५ खर्ब रूपैयाँ व्यापार घाटा पुऱ्याए; सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाए, सारमा शासक दलहरू र सरकार 'बाँदरको हातमा नरिवल' जस्तै भए। यो जनताको सरलतामाथि शासकहरूको धोका हो। शासक दलहरूले नेपालको मजदुर आन्दोलन तथा मजदुर सङ्घलाई समेत आतङ्कित पारेर कब्जामा राखे। मजदुरको हितमा कानुन बनाइएन।

### जेनजी आन्दोलन र प्रतिनिधिसभाको निर्वाचन

नेकाको समर्थनमा बनेको एमालेको केपी ओली सरकारले नियमनमा नआएका सामाजिक सञ्जाललाई २०८२ भदौ १९ गतेबाट रोक लगायो। केही गैरसरकारी संस्थाले भदौ २३ गते विद्यालय र कलेज पोशाकमा विद्यार्थीहरूलाई बोलाई काठमाडौँ माइतीघरमा सामाजिक सञ्जाल फुकुवा र सुशासनको माग राखी आन्दोलन गरे। नेपाल क्रान्तिकारी मजदुर सङ्घको मातृपार्टी नेपाल मजदुर किसान पार्टीले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण तथा ठूला भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेतको सजाय हुने कानुनी व्यवस्थाको लागि धेरै अगाडिदेखि आवाज उठाउँदै आएको हो। शासक दलहरूले यो संवेदनशील विषयलाई महत्त्व दिएनन्।

भदौ २३ गते बोटबिरुवासमेत नभाँची शान्तिपूर्ण ढङ्गमा गर्ने भनिएको जेनजी आन्दोलन नयाँ बानेश्वरमा पुग्दा कर्फ्यु आदेश अवज्ञाको स्थितिमा पुग्यो। आन्दोलनमा काठमाडौँमा १७ र सुनसरीमा २ जनाको ज्यान गयो। भदौ २४ गतेको उपद्रवमा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरिका कतिपय सरकारी कार्यालय र निजी घरहरूमा आगजनी भयो। भदौ २४ गते अपराह्न प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए। दुवै दिनको घटनामा नागरिक र सुरक्षाकर्मीसहित मृत्यु हुनेको सङ्ख्या ७४ पुग्यो।

राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निर्वाचन सरकार, प्रतिनिधिसभा विघटन र फागुन २१ गतेको लागि निर्वाचन घोषणा गरे। निर्वाचन सरकारले असोज ५ गते तीन महिनामा प्रतिवेदन पेस गर्ने गरी भदौ २३ र २४ गतेका घटनाबारे जाँचबुझ आयोग गठन गऱ्यो।

सरकारले तीन महिनाभित्र प्रतिवेदन सार्वजनिक गराएन; समयावधि थप्दै फागुन २१ गतेको निर्वाचनमा रास्वपाको झन्डै दुईतिहाइ स्थान पुगेपछि मात्र प्रतिवेदन सार्वजनिक गऱ्यो। सो प्रतिवेदनमा भदौ २४ गतेको आगजनीबारे दोषी किटान नगरिएकोमा जनस्तरमा विरोध भयो।

### जाँचबुझ आयोगसँग सरोकारवालाहरूको बयान कति संवेदनशील ?

आयोगको प्रतिवेदनमा राष्ट्रपति पौडेलदेखि तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक, सुरक्षा प्रमुखहरू, फिल्डमा खटिएका सुरक्षा अधिकारीहरूको बयान उल्लेख छ। भदौ २३ र २४ गतेको हत्या र आगजनी नेपालीबाट मात्र सम्भव नभएको, अमेरिकी एवम् भारतीय सरकारको हातसमेत हुन सक्ने टिप्पणीहरू सार्वजनिक भयो। आयोगमा केही अधिकारीहरूको बयानको सार सङ्क्षेप यसप्रकार छ :

काठमाडौँ उपत्यकाका प्रहरी नायव महानिरीक्षक, ओमबहादुर राना - "भदौ २३ गते विद्यालय पोशाकका विद्यार्थीबाहेक अज्ञात उत्तेजक तत्त्वको भिडले ढुङ्गा-मुढा, सावेल, घन प्रयोग गरी संसद् भवन र सुरक्षाकर्मीमाथि प्रहार गरे।" काठमाडौँका प्रहरी नायब महानिरीक्षक, विश्व अधिकारी - "भदौ २४ गते नेपाली सेनालाई फिल्डमा खटाउने छलफल भएको थियो। आक्रमणकारीहरूले Netakhor.vercel.app प्लेटफर्ममार्फत आक्रमण स्थलको म्यापिङ गरेका थिए।"

प्रहरी वरिष्ठ उपरीक्षक विमानस्थल, सोमेन्द्र सिंह राठोर - "भदौ २३ गते बानेश्वरमा संसद् भवनको उत्तर दक्षिण गेटमा सशस्त्र प्रहरीले खासै प्रभावकारी भूमिका नखेलेको र कर्फ्यु आदेश जारी हुँदा समेत संसद्को दक्षिण गेटमा सेना देखिए पनि प्रतिरक्षामा सक्रिय भएन।"

काठमाडौँ प्रहरी उपरीक्षक केन्द्रीय विशेष कार्यदलका, अपिलराज बोहरा - "भदौ २४ गते प्रदर्शनमा लुटेरा, आपराधिक पृष्ठभूमिका व्यक्ति, जेल बसेर आएकाहरू, दिमागी मनोरोगी, प्रहरीका भगौडा, दु:ख दिने गुण्डाहरू, अभियुक्तहरूलगायत 'राजा आऊ देश बचाऊ' भनेर ४० वर्षभन्दा माथिकाहरूको घुसपैठ भएको विश्वास गर्दछु।"

प्रहरी नायव उपरीक्षक एलिजा गिरी - "उच्छृङ्खल समूहले विद्यार्थीहरूलाई उक्साइरहेको थियो।" नायव उपरीक्षक मधुकुमार थापा - "भदौ २३ गते नेतृत्वविहीन भिडले 'संसद् भवन जलाउने' जस्ता नारा लगायो।"

प्रहरी नायव उपरीक्षक काठमाडौँका, सुन्दर तिवारी - "भदौ २३ गते TOB लेखिएको कालो टिसर्ट लगाएका १०० ओटा मोटरसाइकलमा आएका युवाहरूले भिडलाई उत्तेजित पारेका थिए। भदौ २४ गते डिस्कर्ड, रेडिटजस्ता सामाजिक सञ्जालमा नेपाल प्रहरीले होस्टलमा गई छात्राहरूलाई बलात्कार गरेको झूटा खबर फैलाइएको थियो।"

प्रहरी नायव उपरीक्षक शुकदेव खनाल- "भदौ २४ गते भिड संसद्को २ नं गेटबाट प्रवेश गरेपछि संसद् परिसरभित्र रहेको नेपाली सेनाका चार ओटा ट्रकसहितका जनशक्ति पाँच मिनेटमा टोली बाहिर निस्किएको आश्चर्यजनक भयो।"

### हत्या र आगजनीका दोषीमाथि कारबाही कहिले होला ?

प्रतिवेदनमा सुरक्षा निकायबिच समन्वय नभएका यस्ता बयान धेरै भेटिन्छन्। जेनजी आन्दोलनको उपद्रवमा अमेरिकाको 'अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था' (IRI), 'प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग' (NED), 'अमेरिकी युवा परिषद्' (AYV), 'स्टुडेन्ट फर तिब्बत' (SFT), 'बारबरा फाउन्डेसन' लगायतको आर्थिक सहयोगमा नेपालका 'हामी नेपाल', 'तिब्बती शुद्ध रगत (TOB)' लगायत गैरसरकारी संस्थाहरू सञ्चालित भएको सार्वजनिक भयो। तर, ती कुनै पनि संस्थामाथि कारबाही गरिएन, किन ?

नेपाली नागरिक र सुरक्षाकर्मीसहित ७४ जनाको मृत्यु तथा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरिका सरकारी र निजी भवनहरू आगजनी हुनुमा ती संस्था र त्यसमा संलग्न व्यक्तिहरू दोषी किन होइनन् ? के भदौ २३ र २४ गतेका भिडियोहरूमा सबै प्रमाण छताछुल्ल भएका होइनन् ? जाँचबुझ आयोगको प्रतिवेदनमा यी यथार्थ किन लुकाइए ? भदौ २४ गते देशभरि गरिएको हिंसा र आगजनीका दोषीहरूलाई कारबाही नहुनुपर्ने कारण के छ ? विदेशी डलरलाई खुला छोडिएकै कारण भदौ २३ र २४ गतेका घटनामा घुसपैठ सम्भव भएको किन होइन ? के यसमा राष्ट्रपति र तत्कालीन प्रधानमन्त्री दुवै दोषमुक्त होलान् ? देश जोगाउनुपर्ने राष्ट्रपति र प्रधानमन्त्रीले नेपाली सेनालगायत सुरक्षा निकायलाई सक्रिय नगरी राजीनामा दिएर भाग्नु नालायकी किन होइन ?

कुनै राजनीतिक दल र तिनका नेता कति वर्ष सरकारमा रहेभन्दा पनि तिनले देश र जनतालाई बचाउन सके कि सकेनन् भन्ने मुख्य हुन्छ। यति धेरै विध्वंस हुँदा नेका, एमाले, माओवादी सरकारहरूले ३५ वर्षयता आ-आफ्ना सङ्गठनमा लाखौँलाख सदस्य बनाएका कर्मचारी, शिक्षक, प्राध्यापक, मजदुर, किसान, युवा, विद्यार्थी कहाँ गए ? के नेका र एमालेका सरकारलाई सम्भावित विध्वंसको पूर्वजानकारी नहोला ? जरुर हुनुपर्छ। आफ्नै देशको सेनासँग डराएका नेका र एमाले भारत र संरा अमेरिकाको सेनासामु कसरी टिक्न सक्लान् ?

जाँचबुझ आयोगसँगको बयानमा राष्ट्रपतिले तत्कालीन प्रधानमन्त्री ओलीविरुद्ध कार्यकारी भूमिका निर्वाह नगरेको आरोप किन लगाए ? के राष्ट्रपतिले समयमै संविधानको परिपालन गरी संविधानभित्रबाटै मार्गप्रशस्त गरेको भए यतिका विध्वंस हुने थियो ? राष्ट्रपतिले संविधानबाहिर गएर निर्वाचन प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधिसभाको विघटन र निर्वाचन घोषणा किन गरे ?

यतिबेला भदौ २३ र २४ गतेका घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक नभइरहेको विषयमा जनताको चासो बढ्दो छ। सो प्रतिवेदनमा भदौ २४ गतेको आगजनीका दोषीहरूको नाम पनि किटान गरिएको सार्वजनिक भइरहेको छ। सो प्रतिवेदन सार्वजनिक गर्न मानव अधिकार आयोग कसको कारण, किन डराइरहेको छ ?

मान्छे फेरिँदैमा देश र जनताको बन्दोबस्त सुदृढ हुने होइन। शासक दल र तिनका नेताहरू इमानदार भएका भए विदेशीले औँला उठाउन सक्ने थिएनन्। शासक दलहरूका लाखौँ कार्यकर्तासहितका खोक्रा सङ्गठनहरू एउटै झट्कामा समाप्त भए। सरकारले विदेशी पैसाले देश सेवा गर्ने होइन, भित्री मनदेखि आत्मनिर्भर भएर सेवा गर्ने हो। २००७ साल र २०२८ सालको विद्रोह गरेको दाबी गरेका नेका र एमालेहरूले संरा अमेरिका र भारतसामु आत्मसमर्पण गरेको हुँदा आजको अवस्था आएको किन होइन ?

### रास्वपा सरकारको नीति पनि पुरानै !

संरा अमेरिकी प्रशासनले आफूले भनेजस्तै नबस्ने दक्षिण कोरियाको सिङमनरी र भियतनामको थ्युकी सरकारलाई समाप्त पारेको थियो। नेपालका सरकारहरूको अवस्था पनि उस्तै भइरहेको छ। राष्ट्रपति र प्रधानमन्त्री भएकाहरू होसियार हुनु जरुरी छ। देशद्रोह गर्नेहरू सजायको भागिदार हुनेछन्।

रास्वपाको नयाँ सरकारले मुखले होइन व्यवहारले देश र जनताको सेवा गरेर देखाउनु जरुरी छ। भीमसेन थापाको हत्या र सुगौली सन्धिमा हस्ताक्षर गर्नेहरूका सन्तान को-को हुन् ? जनताले यो प्रश्न उठाउनैपर्छ। विश्लेषक एवम् पत्रकार अनिल गिरीले 'माउन्टेन टीभी' मा प्रश्न उठाए- "एक लाख सेनामध्ये ८० हजार सेना परिचालन गरी रास्वपाका बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले सिंहदरबार आगजनी हुँदा किन निभाएनन् ?" जेनजी आन्दोलनमा भदौ २३ गते घाइते भएकी स्मृति राईले 'लिड नेपाल' मा खुलासा गरिन्, "अहिले रास्वपाबाट सांसद भएका अधिकांश भदौ २३ र २४ गतेको 'उपद्रव' मा संलग्न थिए।" यसले फागुन २१ गते सम्पन्न निर्वाचन स्वच्छ र निष्पक्ष नभएको पुष्टि गर्छ।

राजनीतिक पार्टी र यसको नेतृत्व दुई चार वर्षमा परिपक्व हुने होइन। रास्वपा सरकारले पहिलो मन्त्रिपरिषद्बाट एक सय कार्यसूची तयार पाऱ्यो। सो कार्यसूचीमा नेपालसँग गरिएका असमान सन्धि-सम्झौता खारेज गर्ने, ट्रम्प प्रशासनको युक्रेनमा छद्म युद्ध, प्यालेस्टिनमा नरसंहार र भूमि कब्जा, भेनेजुयलाका राष्ट्रपति माडुरो दम्पतीको अपहरण र झूटा मुद्दाको खण्डन गर्ने विषय उल्लेख छैन। रास्वपाको सरकारले संसारका सार्वभौम देशहरूमाथि ट्रम्प प्रशासनको सैन्य हमलाको विरोध गरेन; उल्टो नेपालको मुस्ताङ र मनाङमा भएको दुर्लभ खनिज युरेनियम ट्रम्प प्रशासनलाई दिने तयारी गऱ्यो।

बाँकी पृष्ठ ६ मा

### नाराहरू

१. समाजवादी प्रचार अभियान - अगाडि बढाऔँ !
२. देशको सन्तुलित विकास - सुनिश्चित गर !
३. बढ्दो महँगी - नियन्त्रण गर !
४. भ्रष्टाचारीहरूको सम्पत्ति - राष्ट्रियकरण गर !
५. एमसीसी सम्झौता - खारेज गर !
६. एसपीपी सम्झौता - खारेज गर !
७. गोर्खा भर्ती - खारेज गर !
८. सन् १९५० को सन्धि - खारेज गर !
९. गाँस-बास-कपडाको - बन्दोबस्त गर !
१०. लगानी बोर्ड - खारेज गर !
११. सहकारी ठगहरूलाई - कारबाही गर !
१२. जनताको बचत - फिर्ता गर !
१३. रासायनिक मल कारखाना - स्थापना गर !
१४. स्वदेशमै रोजगारीको - बन्दोबस्त गर !
१५. मानवोचित ज्यालाको - बन्दोबस्त गर !
१६. अमेरिकी साम्राज्यवाद - मुर्दावाद !
१७. भारतीय विस्तारवाद - मुर्दावाद !
१८. संसारका मजदुर - एक होऔँ !
१९. नेपाल क्रान्तिकारी मजदुर सङ्घ - जिन्दावाद !
२०. नेपाल मजदुर किसान पार्टी - जिन्दावाद !

*नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन*
*नेपाल क्रान्तिकारी मजदुर सङ्घ*
*मिति: २०८३ वैशाख ११*

### कार्यक्रम

| | |
|---|---|
| **प्रदर्शन सुरु हुने स्थान** | : सिद्धपोखरी, भनपा - १ |
| **सभा हुने स्थान** | : सूर्यमढी, भनपा - ९ |
| **मिति** | : २०८३ वैशाख १८ गते |
| **समय** | : बिहान ७ बजे |

*नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन*



रुसको राजधानी मस्कोको रेड स्क्वायरको बाहिरी सडकमा यही मे ९ का दिन हुने विजय दिवस सैनिक परेडको रिहर्सल गर्दै रुसी सेनाको एक कम्पनी बुधबार अप्रिल २९, २०२६ का दिन । सोभियत लालसेनाले नाजी जर्मनीमाथि विजय प्राप्त गरेको दिनको सम्झनामा हरेक वर्ष मे ९ को दिन विजय दिवस मनाउने गरिन्छ ।

*तस्बिर : एपी/पाभेल बादन्याकोभ*

# मध्यपूर्व तनाव चर्किँदा तेलदेखि कूटनीतिसम्म असर

पेरिस, ३० मे (एएफपी) । मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एकसाथ गहिरो प्रभाव पारिरहेको छ । तेलको मूल्य चार वर्षयताकै उच्च बिन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबिचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ । यसबिच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरू समानान्तर रूपमा तीव्र भएका छन् ।

ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ । यो डेलिभरीका लागि ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढी बढेर १२६.४१ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै ११०.३१ डलरमा पुगेको छ । इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाईंदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो ।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले नाकाबन्दी उल्लङ्घन गर्ने प्रयास गरेका ४२ औँ व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ । यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याङ्करहरू बजारमा प्रवेश गर्न नपाएको दाबी गरिएको छ ।

यसैबिच, अमेरिका र जर्मनीबिचको सम्बन्धमा तनाव देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बताउनुभएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिँदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो ।

अर्कोतर्फ, रुसले युद्ध विस्तारप्रति गम्भीर चेतावनी दिएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुनः सैन्य आक्रमण नगर्न आग्रह गर्नुभएको छ । उहाँले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारबाही पुनः सुरु भए 'गम्भीर र हानिकारक परिणाम' आउने चेतावनी दिनुभयो । ट्रम्पले उक्त वार्तालाई सकारात्मक बताउँदै इरानसँगको द्वन्द्व अन्त्य गर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो ।

युद्धको आर्थिक लागत पनि बढ्दै गएको छ । अमेरिकी रक्षामन्त्री पीट हेग्सेथका अनुसार करिब ६० दिनको द्वन्द्वमा हालसम्म २५ अर्ब डलरभन्दा कम खर्च भएको अनुमान गरिएको छ । यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरूलाई उहाँले अस्वीकार गर्दै आलोचकहरूलाई शत्रुपक्षलाई फाइदा पुऱ्याउने आरोप लगाउनुभयो ।

रणनीतिक रूपमा अमेरिका लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा देखिएको छ । रिपोर्टहरूका अनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरूमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ । साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्धन रोक्न र कडा प्रतिबन्ध स्वीकार गर्न दबाब दिने रणनीति अपनाइएको छ ।

युद्धको असर अन्य क्षेत्रहरूमा पनि देखिएको छ । क्यानाडामा आयोजित फिफा काङ्ग्रेसमा सहभागी हुन गएका इरानी फुटबल अधिकारीहरूले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघि नै देश छोडेका छन् ।

ऊर्जा कम्पनीहरूले भने बढ्दो मूल्यबाट लाभ लिएका छन् । फ्रान्सेली कम्पनी टोटल एनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँच अर्ब ८० करोड डलर पुगेको जनाएको छ । ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ । साथै, साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुनः सञ्चालनमा आएको छ र दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा उत्पादन भइरहेको छ ।

क्षेत्रीय सुरक्षा अवस्था भने अझै अस्थिर छ । लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ । राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभएको छ । इजरायलले भने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारबाही जारी राखेको छ ।

# गम्भीर खडेरीले प्रजग कोरियामा खाद्य चिन्ता

सियोल, ३० मे (एएफपी) । प्रजग कोरियामा यस वर्ष देखिएको 'असामान्य' र 'गम्भीर' खडेरीले खाद्य सुरक्षामाथि गहिरो दबाब सिर्जना गरेको छ । राज्य सञ्चालित मिडियाले बिहीबार जनाएअनुसार देशभरका कृषक र मजदुरहरू बाली जोगाउन आपत्कालीन रूपमा परिचालित भएका छन्, जसले पहिले नै कमजोर अर्थतन्त्र र सीमित पूर्वाधारमा थप चुनौती थपेको छ ।

प्योङयाङस्थित आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले देशका धेरै क्षेत्रमा विरलै देखिने प्रकारको खडेरी जारी रहेको जनाएको छ । उक्त अवस्थाले प्रारम्भिक मौसमका बालीहरूमा प्रत्यक्ष असर पारेपछि श्रमिकहरूले बाली जोगाउन सबै प्रयासकेन्द्रित गरिरहेको उल्लेख गरिएको छ ।

प्रधानमन्त्री पाक थाई सङले खडेरीको असर कम गर्न आवश्यक प्रतिरोधात्मक उपायहरूबारे प्रत्यक्ष अनुगमन गर्न दक्षिण प्योङगान र उत्तरी ह्वान्घे प्रान्तका खेतहरूको निरीक्षण गर्नुभएको छ । निरीक्षणका क्रममा उहाँले उपलब्ध सबै जलस्रोतहरूको पहिचान गरी प्रभावकारी रूपमा उपयोग गर्न निर्देशन दिनुभएको छ । उहाँले यस वर्षको सफल बाली उत्पादन खडेरीसँग जुध्ने क्षमतामाथि निर्भर रहने बताउनुभएको केसीएनएले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका प्रजग कोरियासम्बन्धी मानव अधिकार विशेष प्रतिवेदक एलिजाबेथ साल्मोनले फेब्रुअरीमै देशमा खाद्यान्न अभाव गम्भीर समस्याका रूपमा देखिन थालेको चेतावनी दिनुभएको थियो । अहिलेको खडेरीले उक्त सङ्कट अझै गहिरिन सक्ने चिन्ता बढेको छ ।

खडेरीसँग जुध्न स्थानीय तहमा पनि विभिन्न प्रयास भइरहेका छन् । केसीएनएका अनुसार सहर र काउन्टीहरूमा जलाशय र पानी आपूर्ति प्रणालीहरूको मर्मत भइरहेको छ । साथै, गहुँ र जौजस्ता बालीहरूको खडेरी सहने क्षमता बढाउन प्राविधिक उपायहरू अपनाइएको छ, जसले प्रारम्भिक मौसमका बालीहरूको स्थिर वृद्धि सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

जलवायु परिवर्तनले यस्ता चरम मौसमी अवस्थालाई अझ तीव्र र बारम्बार बनाइरहेको विज्ञहरूले बताएका छन् । यस वर्ष एल निनो मौसम प्रणाली फर्किन सक्ने अनुमान गरिएको छ, जसले एसियाका विभिन्न भागहरूमा खडेरी, अत्यधिक गर्मी र कतिपय स्थानमा भारी वर्षा निम्त्याउन सक्छ ।

छिमेकी दक्षिण कोरियाले पनि गत वर्ष लामो खडेरी भोगेको थियो, जसले विशेषगरी पूर्वी तटीय सहर गङन्युङलाई प्रभावित बनाएको थियो । त्यहाँ पानीको अभावका कारण अधिकारीहरूले सहरका करिब ७५ प्रतिशत घरमा पानीको मिटर बन्द गर्नुपर्ने अवस्था आएको थियो ।

प्रजग कोरियामा ऊर्जा अभाव पनि पुरानो समस्या हो । अधिकांश सर्वसाधारणसँग वातानुकूलनजस्ता सुविधा नहुँदा अत्यधिक गर्मी र खडेरीको प्रभाव अझ तीव्र महसुस हुने गरेको विज्ञहरू बताउँछन् ।

यसअघि सन् २०२४ मा चीनसँग सीमा जोडिएका उत्तरी क्षेत्रमा आएको भीषण बाढीले ठुलो क्षति पुऱ्याएको थियो । दक्षिण कोरियाली मिडियाले त्यस घटनामा करिब एक हजार ५०० जनासम्मको ज्यान गएको वा बेपत्ता भएको अनुमान गरेको थियो, तर प्रजग कोरियाले उक्त दाबी अस्वीकार गरेको थियो ।

यसपटकको खडेरीले पुनः एकपटक प्रजग कोरियाको खाद्य प्रणालीको संवेदनशीलता उजागर गरेको छ, जहाँ प्राकृतिक विपत्तिले मानवीय सङ्कट निम्त्याउने जोखिम उच्च रहेको देखिएको छ ।

## विश्व सङ्क्षेप

### अफगानिस्तानको सुन खानीमा विस्फोट, पाँच जनाको मृत्यु

काबुल, ३० मे (सिन्हृवा) । अफगानिस्तानको उत्तरपूर्वी बदखसन प्रान्तको सुन खानीमा विस्फोट हुँदा कम्तीमा पाँच जना खानी मजदुरको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

अधिकारीका अनुसार सहरी बुजर्ग जिल्लाको अविज क्षेत्रमा मजदुरहरूले सुन खोजिरहेको समयमा दुर्घटना भएको हो । विपद् व्यवस्थापनका लागि प्रान्तीय निर्देशक मावलवी मोहम्मद अकरम अकबरीले मृतकको सङ्ख्या पाँच पुगेको पुष्टि गर्दै थप पीडितहरूको खोजी कार्य जारी रहेको बताउनुभएको छ ।

दुर्गम बदखसन जिल्ला खनिज स्रोतहरूमा धनी जिल्ला भएता पनि अनियमित र खतरनाक खानी जन्य उत्खननले समस्याग्रस्त क्षेत्रको रूपमा परिचित रहेको जनाइएको छ ।

उच्च गरिबीले ग्रस्त अफगानीस्थानको खानी क्षेत्रमा यस्ता दुखद दुर्घटनाहरू पटक-पटक हुने गरेको पाइन्छ भने परम्परागत र अनियमित खानी उत्खननको अभ्यासले आधुनिक मेसिनरी र व्यावसायिक सुरक्षा मापदण्डको अभावमा ज्यान गुमाउनेहरूको सङ्ख्या बढिरहेको जनाइएको छ ।

### मध्यपूर्व द्वन्द्व चरम उत्कर्षमा अस्पताल तथा स्वास्थ्यकर्मी लक्षित आक्रमणमा वृद्धि : डब्ल्यूएचओ

जेनेभा, ३० मे (क्यूएनए) । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) पछिल्लो समयमा मध्यपूर्वको द्वन्द्व चरम उत्कर्षमा पुगेको उल्लेख गर्दै विश्वव्यापी रूपमा चिकित्सा सुविधा र स्वास्थ्यकर्मीहरूमाथिको आक्रमण बढिरहेको बताएको छ ।

अमेरिका र इजरायलले फेब्रुअरीको अन्त्यमा इरानमा हवाई आक्रमण गर्नुअघि विश्वव्यापी स्वास्थ्य सेवा र स्वास्थ्यकर्मी लक्षित आक्रमणको औसत सङ्ख्या प्रतिदिन ३.७ रहेको उल्लेख गर्दै हाल यो सङ्ख्या बढेर ४.३ पुगेको डब्ल्यूएचओले जनाइएको छ । डब्ल्यूएचओले मध्यपूर्वमा द्वन्द्व सुरु भएदेखि ५० वटा निजी अस्पताल तथा स्वास्थ्य केन्द्रहरू बन्द गरिएको उल्लेख गर्दै १६ वटा अस्पतालहरूमा क्षति पुगेको जनाएको छ । जुन सुकै अवस्थामा पनि सबैभन्दा बढी आवाश्यक रहेको स्वास्थ्य सेवामा आक्रमण भइरहँदा स्वास्थ्य सेवा प्रवाहको क्षमतामा नकरात्मक प्रभाव पारेको डब्लुएचओका आपत्कालीन स्वास्थ्यसेवाका निर्देशक अल्ताफ मुसानीले बताउनुभएको छ ।

स्वास्थ्य सुविधाहरूमा भएका आक्रमणहरूले गाजामा चिकित्सा सेवाहरूको प्रावधानलाई पनि गम्भीर रूपमा असर गरेको छ, जहाँ हाल एउटामात्र अस्पताल पूर्ण रूपमा सञ्चालनमा रहेको डब्ल्यूएचओले जनाएको छ ।

डब्लुएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले बारम्बार यी आक्रमणहरूको निन्दा गर्दै सम्बन्धित पक्षलाई जवाफदेही बन्न आह्वान गर्नुभएको छ । उहाँले लेबनानको पछिल्लो अवस्थालाई प्रकाश पार्दै उहाँका स्वास्थ्य सुविधाहरूमा १४९ वटा आक्रमणहरू भएको रेकर्ड गरिएको जनाउनुभएको छ ।

**१३७ औँ...**

एसईईको उत्तरपुस्तिका परीक्षण, दुई दिन सार्वजनिक बिदा, कक्षा ५ सम्म परीक्षा नहुने, ट्रेड युनियन अधिकार खारेज, विद्यार्थी सङ्गठनमाथि नियन्त्रणलगायत रास्वपा सरकारका निर्णयहरूले देशमा थप अन्योल र अराजकता पैदा गऱ्यो । रास्वपा मन्त्रिमण्डलका सदस्यहरूको स्रोतबिनाको किलोका किलो सुनसहित करोडौँ करोड रूपैयाँको सम्पत्तिले यो सरकार 'पुरानो सिसीमा नयाँ लेबल' मात्र लगाइएको साबित भयो ।

रास्वपा सरकार गठनको एक महिना नपुग्दै इन्धनमा तीन पटक मूल्यवृद्धिसँगै यातायात र खाद्यान्नको मूल्यवृद्धि भयो । यसले झन्डै ८० प्रतिशत जनताको जीवन थप कठिन पाऱ्यो । रास्वपा सरकारले २०८२ चैत २५ गते काठमाडौँस्थित विदेशका राजदूतहरूलाई बोलाएर "नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन" भन्ने अभिव्यक्ति दियो । यसले रास्वपाको आर्थिक र विदेश मामिला पुराना शासक पार्टीभन्दा फरक नभएको पुष्टि भयो । यो सरकारले गठनको १२-१५ दिनमै विदेशी ऋण ४० अर्ब १६ करोड थप्यो ।

यतिखेर नेपालको सार्वजनिक ऋण २९ खर्ब रूपैयाँ नाघ्यो चालु आवको सुरुमा यो ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रूपैयाँ थियो । वार्षिक साढे तीन खर्ब रूपैयाँ साँवा-ब्याज तिर्नुपर्ने सरकारी अर्थतन्त्रको अवस्था छ । शासक दलहरूले देशको सन्तुलित विकास नगरेको हुँदा काठमाडौँलगायत देशका मुख्य सहरमा प्रदूषण, सडक जाम, असुरक्षा बढेको हो । रास्वपा सरकारको कार्यसूचीमा देशको सन्तुलित विकाससम्बन्धी विषय उल्लेख छैन ।

**जुलुस र सभामा सहभागी होऔँ !**

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति जटिल बन्दै गइरहेको छ । हजारौँ वर्षदेखि 'म' र 'मेरो' भन्ने बानी लागेको मानिसमा सांस्कृतिक स्तर उच्च भएपछि 'हामी' र 'हाम्रो' भन्ने भावना हुनेछ । यस्तो समाजमा मानिस मानिसमा सच्चा समानता देखापर्नेछ । यो समाजमा ध्वंसात्मक हातहतियारको निर्माणमा भइरहेको खर्च रकमलाई मानव समाजको हितमा लगाइनेछ । संसार चिटिक्क रमाइलो बन्नेछ ।

उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादमा मात्र मानिसको वास्तविक मुक्ति सम्भव हुनेछ । साम्यवादी समाज एक वर्गविहीन र राज्यविहीन आदर्श समाज हो । यो समाजमा विज्ञान र प्रविधिको अभूतपूर्व विकास हुनेछ ।

किसानलाई आवश्यक मल, बीउबिजन र उपकरणको अभाव यथावत छ । देशैभरि जातीय विभेदसहितको सामन्तवादले टाउको उठाउँदै छ । दाङ, बाँके, बर्दिया र कैलालीमा कमलरी र कमैयाको रूपमा बँधुवा मजदुर प्रथा यथावत छ ।

यी सबै विषयलाई एकै स्वरमा उठाउन १३७ औँ मे दिवसको अवसरमा हुने जनप्रदर्शन, सभा, बैठक, अन्तरक्रिया, छलफलमा सहभागी बनौँ ! मे १ को दिन सम्पन्न हुने जुलुस तथा सभामा डकर्मी, सिकर्मी, प्लम्बर, रङ्गरोगन, विद्युत्, उद्योग, कृषिलगायत सम्पूर्ण क्षेत्रका मजदुर एवम् शुभचिन्तकहरूको उपस्थितिको लागि हार्दिक अनुरोध छ ।


*नेपाल क्रान्तिकारी मजदुर सङ्घ*
*मिति : २०८३ वैशाख ११*

# मजदुर सहिदहरूको कथा - ४

✍ हावर्ड फास्ट

शुक्रबारको दिन उनीहरूलाई फाँसी दिइयो । भोलिपल्ट पत्रपत्रिकामा त्यो फाँसीको विस्तृत विवरण छापियो । अनेक लेखहरू छापियो - मर्ने व्यक्तिहरूका बारेमा; कानुन र व्यवस्थाका बारेमा; लोकतन्त्रको बारेमा; संविधान र अनेक संशोधनहरूका बारेमा (जसमध्ये केहीलाई 'बिल अफ राइट्स' भनिन्छ); क्रान्ति, गणतन्त्रका संस्थापक र गृहयुद्धका बारेमा । त्यसका साथै अन्त्येष्टिको सूचना पनि छापिएको थियो । सहरका अधिकारीहरूले मर्ने पाँचैजनाका नातागोता र साथीहरूलाई तिनको लास लिने अनुमति दिएका थिए । ( उनीहरूमध्ये लिङले कालकोठरीमै आत्महत्या गरेका थिए भने पार्सन्स, स्पाइस, फिशर र एन्जेललाई फाँसी दिइएको थियो ।) ती साथी र नातागोताले चाहेको खण्डमा सार्वजनिक अन्त्येष्टि गर्ने अनुमति पनि थियो । मेयर रोशले मलामीहरू कुन कुन सडक हुँदै वाइल्डहाइम समाधि जान मिल्छ भनी नाम नै घोषणा गरेका थिए । यो जुलुस १२ देखि २ बजेबिच गर्नुपर्ने थियो । शोकगीत मात्र बजाउन मिल्थ्यो । हतियार लग्न पाइँदैनथ्यो । झण्डा र ब्यानर बोक्न मनाही थियो । पत्रपत्रिकामा लेखियो - 'मर्ने मानिसहरू समाजका शत्रु हुन्; अपराधी र हत्यारा हुन् । तैपनि, अन्त्येष्टिमा एकदुई सय मानिस आउन सक्छन् । संविधानले सबैलाई धार्मिक स्वतन्त्रता दिएको छ । तसर्थ, यो अन्त्येष्टि गर्न अनुमान दिनु न्यायोचित छ ।'

आइतबार जजले पत्नीलाई बाहिर टहलिन जाने बताए । एम्माको मनमा चिसो पस्यो । टहलिँदै उनी कहाँ जानेछन् भन्ने उनलाई अनुमान थियो । तर, उनले केही भनिनन् । आइतबारको दिन




एकाबिहानै एक्लै बाहिर जाने इच्छा आफैमा अजीब थियो । एम्माले यो प्रश्न पनि गरिनन् । आश्चर्य मान्नुपर्ने कुनै कुरा थिएन । मलामी जुलुस निस्किने बाटोमा मानिसहरूको घुइँचो थियो । सडकमा निस्किने बित्तिकै जजले महसुस गरे - उनी शिकागोका हजारौँ मानिसमध्ये केवल एक जना थिए । त्यसपछि घुइँचो बढ्यो । झन्डै आधा सहरवासी शिकागोका उदास, फोहर सडकका दुवैतिर उभिएर जुलुसको प्रतिक्षा गर्दै थिए ।

चिसो बिहानी थियो । सहरवासीहरूले आफूलाई नचिनून् भन्ने चाहन्थे उनी । त्यसकारण, उनले कोटको कलर अलि माथि उठाए । टोपी निधारसम्म ताने । हात खल्तीमा घुसारे र शरीरको भारलाई कहिले दाहिने त कहिले देब्रे खुट्टामा पारेर जुलुसलाई पर्खिन थाले ।

जुलुस देखियो । तर, कल्पना गरेजस्तो थिएन जुलुस । सहरका अधिकारीहरूले अनुमति दिए जस्तो त पटक्कै थिएन । कुनै शोक धुन बजेको थिएन । मलामीका हलुका पदचाप र महिलाका मन्द सुस्केरा मात्र थिए । त्यसको भारले मानौँ सारा आवाज र स्वरहरू दबेका थिए । सारा सहरलाई मौनताको एउटा विशाल र शोकपूर्ण कात्रोले ढाके जस्तो माहोल थियो ।

सबैभन्दा पहिला झन्डा बोकेका एक व्यक्ति आए । जुलुसको एउटा मात्र झन्डा थियो त्यो । पुरानो, रङ उडेको, एकातिर तारा र छेउमा धर्सा भएको झन्डा । गृहयुद्धको बेला पल्टनको अघिअघि सगर्व बोकिने झन्डाजस्तो थियो त्यो । त्यसलाई बोक्ने व्यक्ति गृहयुद्ध लडेको सिपाहीं थियो । उमेर ढल्केको त्यो व्यक्तिको सक्कल पत्थरमा कुँदेजस्तो देखिन्थ्यो ।

त्यसपछि शव र शवपेटिकाहरू आए । लगत्तै पुराना, खुला घोडागाडीहरू आए । तिनमा परिवारजन बसेका थिए । तीमध्ये एउटामा आल्टगेल्डले लुसी पार्सन्सलाई देखे । उनी आफ्ना दुई बच्चासँगै बसेकी थिइन् । उनका आँखा अघिल्तिर अडिएका थिए । त्यसपछि मर्नेहरूका हितैषी र तिनका कामरेडहरू आए । उनीहरू चार-चार जनाको लाम बनाएर हिँड्दै थिए । तिनको मुहार पनि उदास थियो । मानौं, गृहयुद्धका सिपाहीं हुन् ।

त्यसपछि राम्रा पोशाकमा ठाँटिएका नारीपुरुषको समूह आयो । उनीहरूमध्ये धेरैले आल्टगेल्डलाई चिन्थे । उनीहरूमध्ये कतिपय वकिल, जज, डाक्टर, शिक्षक, साना व्यापारी थिए । त्यसबाहेक पनि त्यहाँ धेरै मानिस थिए । उनीहरू सबैले भर्खर मर्ने पाँच व्यक्तिलाई बचाउन अन्तिम क्षणसम्म लडेका थिए ।

त्यसपछि मजदुरहरूको लस्कर आयो । यो लस्करको कुनै सीमा थिएन । उनीहरू प्याकिङ गर्ने कम्पनीहरूबाट आएका थिए । काठ कारखानाबाट आएका थिए । म्याकोर्मिक र पुलम्यान कारखानाबाट आएका थिए । उनीहरू मिलबाट, मलका खाडलबाट, रेलमार्गबाट र खाद्य गोदामबाट आएका थिए । उनीहरू बेरोजगारहरू बस्ने कोठरीबाट आएका थिए । सडकबाट, गहुँका खेतबाट आएका थिए । शिकागोका साथै अन्य एक दर्जन सहरबाट आएका थिए । धेरैजना आफ्ना सबैभन्दा राम्रा लुगा लगाएर आएका थिए । बिहेको बेला जोरेको एकमात्र कालो सुट लगाएर आएका थिए । धेरैजना आफ्ना जहान र बालबच्चासँगै हिँडिरहेका थिए । कतिपयले काखमा बच्चा बोकेका थिए । तर, धेरैजना यस्ता पनि थिए, जोसँग काममा लगाउने बाहेक अर्को लुगा थिएन । उनीहरू कारखानाको पोशाकमा थिए । तिनले निलो जिन्स र फ्लानेलको कमिज लगाएका थिए । घोडामा पाँच सय माइलको बाटो छिचोलेर आएका गोठालाहरू पनि थिए । उनीहरू शिकागोका जनतामा विश्वास र इच्छाशक्ति हुनाले काम छोडेर आउँदाको सजाय माफी होला भन्ने सोचेर आएका थिए । सजाय त हुने नै भयो । तैपनि अर्थीसँगै हिँड्ने कामना उनीहरूले पूरा गरिछाडे । उनीहरू बेढङ्गका अग्ला जुत्ता लगाएर अठेरो पाराले हिँडिरहे । जुलुसमा सहर छेउछाउका गाउँबाट रातो वर्णका किसान आएका थिए । त्यहाँ इन्जिन ड्राइभर र ग्रेट लेकबाट आएका माझीहरू पनि थिए ।

सयौँ पुलिस र पिङ्करटनका मान्छेहरू सडकका दुवैतिर उभिएका थिए । जुलुस नजिक आइसकेपछि उनीहरू चुपचाप देखिए । उनीहरूले बन्दुक बिसाए र एकटक भुइँतिर हेरिरहे । किनभने, मजदुरहरू शान्त थिए । सुनिन्थ्यो त केवल उनीहरूको सास फेराइ र पाइलाको आवाज । एक शब्द पनि सुनिएन । कोही बोलेन । न महिला, न पुरुष । बालबच्चा पनि चुपचाप थिए । सडकको दुवैतिर उभिएका मानिसहरू पनि मौन थिए ।

मजदुरहरूको भेल आइरह्यो, आइरह्यो । आल्टगेल्ड एक घन्टासम्म उभिरहे । तर, मजदुरहरू आउन छोडेनन् । काँधमा काँध मिलाएर, चट्टानी मुहार लिएर, आँखामा नपुछिएका आँसुका धारा लिएर उनीहरू आइरहे । अर्को एक घण्टा बित्यो । तर पनि मजदुर लस्करको अन्त्य हुने छाँट देखिएन । कति हजार गइसकेका थिए ? कति हजार अझै आउन बाँकी थियो ? कसैले अनुमान लगाउन सक्थेन । आल्टगेल्डलाई एउटा कुरा भने थाहा थियो - अमेरिकाको इतिहासमा यति भव्य अन्त्येष्टि पहिले कहिल्यै भएको थिएन । देशका सबैभन्दा प्यारा नेता अब्राहम लिङ्कन मर्दा पनि यस्तो शवयात्रा भएको थियो ।


*(शिकागो प्रहरीका अनुसार सहिद बनेका ती मजदुर नेताहरूको शवयात्रामा ६ लाखभन्दा बढी मानिस सहभागी भएका थिए ।)*

*(बाँकी भोलि... । अनु. मोहिनी)*

## न्हुछेरत्नका दुई कविता



# ऐतिहासिक बौद्ध स्मृतिहरू !



*काठमाडौँ उपत्यकाको जलाशयको पानी निकास गरेर*
*मानव बस्ती बसाउने महामञ्जुश्री*
*सगरमाथा देशका राष्ट्रिय विभूति गौतमबुद्ध जन्मेको*
*यो भूमण्डलको पवित्रभूमि लुम्बिनी*

*शाक्य वंशको ज्योति*
*गणतान्त्रिक राज्य कपिलवस्तुका महाराज शुद्धोदन*
*यो ज्ञान भूमिका आदर्श नारी*
*एसियाको ज्योति सिद्धार्थको जीवन सङ्गिनी यशोधरा*

*गौतमबुद्धको उपत्यका आगमनको वर्णन*
*किराती राजा जितेदस्तीको शासनकालमा भएको ऐतिहासिक घटना*
*यो पुण्यभूमिमा बौद्ध स्तुपको प्रतिस्थापन गर्ने*
*भारतका प्रियदर्शी सम्राट अशोक !*

*निरङ्कुश शासक अजातशत्रुको विरोध गर्ने*
*मगधगण राज्यका एक विद्रोही नर्तकी आम्रपाली*
*रागद्वेष मोहले घेरिएर हिंस्रक भएका अङ्गुलिमाललाई*
*बोधिसत्वको ज्ञान चक्षुले अहिंसामा परिणत गराएको एक गाथा*

*जीवनको प्रत्येक पाइलामा सङ्घर्ष गरेर*
*आफ्नो पति र सन्तानको सेवा गर्ने लगनशील नारी पटचारा*
*तथागतलाई क्षीर भोजन दान दिएर*
*सम्यक ज्ञान भोक जगाइदिने दयालु नारी सुजाता*

*महाज्ञानी अर्हत्ले ज्ञानको ज्योति प्रज्ज्वलित गरेर*
*बोधिज्ञान प्राप्त गरेको ज्ञानभूमि बोधगया*
*यो अनित्य संसारमा प्रत्येक मानवको मृत्युवरण हुन्छ*
*महामानव शाक्यमुनि बुद्धले कुशीनगरमा*
*महापरिनिर्वाण प्राप्त गरेको अमर स्मृति ।*

# मजदुर !

हत्केलाभरि ठेला उठेर
घाउ घाउ भएर पीडा भएका
आँखाभरि धुँवा बोकेर
दुःख कष्ट भोगिरहेका कामदार !

बिहानीको सूर्य भई
कालो बादल हटाई उज्यालो पार्ने
इलम, सीप, श्रमको दक्षता लिएर
परिवर्तनशील समाजमा प्रदर्शन गर्ने श्रमजीवी ।

आफ्नै पौरखले स्वाभिमानी भएर बाँच्ने
शोषण दासताको विरोध गरिरहने
युगान्तकारी परिवर्तनको लागि
आफ्नो जीवन अर्पण गर्ने ज्यामी ।

मुङ्ग्रो, सियो, हँसियाको पसिना
प्रत्येक कलकारखानामा हजारौं श्रमको मोती दाना
असत्य जम्मै बटुलेर भक्षकहरूले चुसिराखेको
आफ्नो रगत पसिना फिर्ता लिन विद्रोह गरिरहने
श्रमिक ।

एक एक मजदुरको एकताले फेरिन्छ
देश र जनताको मुहार
मर्का, असन्तुष्टी, अभावहरूको
तपस्या सपना पूरा गर्न अघि बढिरहेको मजदुर !

# मजदुरको आवाज

● आर. के. विद्रोही

*घामले पोल्छ, पसिनाले भिज्छ शरीर,*
*तर पेट भर्ने आशा अझै अधुरो छ ।*
*हातमा सीप छ, मनमा सपना,*
*तर जीवन किन यति कठोर छ ?*
*दिनभरि खटिन्छ ऊ, रातभरि थाक्छ,*
*आठ घण्टाको अधिकार पनि टाढा छ ।*
*श्रमको मूल्य कागजमै सीमित,*
*व्यवहारमा त पीडाको पहाड छ ।*
*न्यून ज्यालामा बाँधिएको जिन्दगी,*
*आशा पनि कहिलेकाहीं हराउँछ ।*
*अपमान सहेर पनि मुस्कान बोकेर,*
*ऊ फेरि भोलि काममा पुग्छ ।*
*देश बनाउने हात यही त हुन्,*
*तर किन यी हात नै कमजोर छन् ?*
*नेता, नीति र ठुला घरानाबिच,*
*किन मजदुर सधैं लाचार छन् ?*
*बिदेसिने रहर होइन उसको,*
*बाध्यताको बाटो रोज्नु परेको छ ।*
*आफ्नै देशमा सम्मान नपाउँदा,*
*परदेशको सपना बोकेर हिँडेको छ ।*
*उठ, मजदुर, तिम्रो आवाज उठाऊ,*
*एकतामा नै शक्ति लुकेको छ ।*
*न्याय र सम्मानको उज्यालो बाटो,*
*तिम्रै सङ्घर्षले खुलेको छ ।*
*श्रमको पसिना सुनझैं टल्कियोस्,*
*न्यायको आवाज अझै बलियो होस् ।*
*आठ घण्टा काम, सम्मानित जीवन,*
*यही होस् हाम्रो सङ्घर्षको साधन ।*
*मे दिवस सम्झना बलिदानको,*
*एकता बनोस् हाम्रो पहिचानको ।*
*श्रमिक अधिकार उज्यालो बनोस्,*
*नेपालभर न्यायको दीप जलोस् ।*

# मनाऔँ अन्तर्राष्ट्रिय मई दिवस

● साहिँला

१८/२० घण्टा काम गर्दा पनि
पेटभरि खान नपुग्ने ज्याला
बालबच्चा बुढाबुढी महिला
श्रमबिना जिउन गाह्रो भएको बेला
पुँजीपतिवर्ग नाफाकै निम्ति सोच्छन्
श्रमजीवीको अवस्था बुझ्नै चाहनन्
पुँजीबिनाको के अर्थ श्रमिकको
श्रमिक त पुँजीको दास हो ।
जिउनु छ भने श्रमिकले श्रम गर्नैपर्छ
रात दिन कहाँ भन्न पाउँछ
जति श्रम गर्छ श्रमिकहरूले
उति नाफा कुम्ल्याउँछ पुँजीपतिले ।
श्रम शोषणले धनी झन् धनि हुन्छ
गरिब झन् गरिब नै हुन्छ
शोषणरहित समानताको सिद्धान्त
मार्क्सवादले श्रमिकको चेत फिराउँछ
पुँजीवादले जन्माएको श्रमिकवर्ग
आखिर पुँजीवादकै काल भई उभिन्छ
श्रम शोषणको अन्त्य गर्न
उनै जुरमुरिएर उठ्छ ।
सन् १८८६ को मई १ को दिन
अमेरिकाको सिकागोबाट बिगुल बज्छ
८ घण्टाको काम ज्याला वृद्धि
हैन भने देशभरि तालाबन्दी ।
शान्तिपूर्ण देशव्यापी हडतालमाथि
नृशंस दमन गरे सरकारले
लाठी गोलीले ढालिए असङ्ख्य मजदुर
नेतालाई जेल हाले फाँसीबिना कसुर
मई आन्दोलनको बलिदान
बगेको रगत खेर गएन
ज्याला वृद्धि ८ घण्टाको काम
८ घण्टा मनोरञ्जन ८ घण्टा आराम
अन्तर्राष्ट्रिय मई १ श्रमिक दिवस
सारा काम गरिखानेको दिवस
काँधमा काँध हातमा हात मिलाई
मनाऔँ अन्तर्राष्ट्रिय मई दिवस ।

## हार्दिक समवेदना



जन्म
१९९४/०६/०१

निधन
२०८३/०१/०९

प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित यस प्रभात इङ्गलिस सेकेन्डरी स्कुलमा कार्यरत सहायक शिक्षक शकुन्तला कुम्पाखका सासुआमा **केशरी सुवाल**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**प्रभात सार्वजनिक शैक्षिक गुठी, विद्यालय व्यवस्थापन समिति तथा**

**प्रभात इङ्गलिस सेकेन्डरी स्कुल परिवार**


# विद्युत् प्राधिकरणको 'डिजिटल पूर्वाधार कम्पनी' सञ्चालनमा

काठमाडौँ, १७ वैशाख । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी 'नेपाल डिजिटल पूर्वाधार कम्पनी' पूर्ण रूपमा सञ्चालनमा आएको छ ।

मुलुकको सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन ल्याउने उद्देश्यका साथ उक्त कम्पनी सञ्चालनमा ल्याइएको प्राधिकरणले जनाएको छ । "पूर्वाधार साझा गर्ने अवधारणामा आधारित यो कम्पनीले सहरी सुन्दरता बढाउन, दुर्गम क्षेत्रमा इन्टरनेटको पहुँच विस्तार गर्न र सूचना प्रविधि प्रणालीको एकीकृत विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ", प्राधिकरणका कार्यकारी निर्देशक हीतेन्द्रदेव शाक्यले भन्नुभयो ।

प्राधिकरणका अनुसार यस कम्पनीले इन्टरनेट सेवा प्रदायकलाई 'प्लग-एन्ड-प्ले' ढाँचामा पूर्वाधार उपलब्ध गराउनेछ ।

प्राधिकरणको पूर्वाधार प्रयोग गर्दा सेवा प्रदायकको पुँजीगत खर्च उल्लेख्य रूपमा घट्ने र त्यसको प्रत्यक्ष लाभ उपभोक्ताले सस्तो इन्टरनेटको रूपमा पाउने अपेक्षा गरिएको पनि प्राधिकरणले जनाएको छ । कम्पनीले प्राधिकरणसँग रहेका अप्टिकल फाइबर, भूमिगत डक्ट, पोललाई 'प्यासिभ एसेट्स'का रूपमा भाडामा उपलब्ध गराउनेछ ।

काठमाडौँ उपत्यकाको मुख्य समस्याका रूपमा रहेको अव्यवस्थित तार हटाउन यस कम्पनीले प्राथमिकताका साथ काम गर्नेछ । "भूमिगत पाइपको साझा प्रयोगले सहरी सौन्दर्य फर्काउनुका साथै विद्युत् र टेलिफोनका तारहरू आपसमा अल्झिँदा हुने आगलागी र दुर्घटनाको जोखिमलाई समेत न्यून गर्ने अपेक्षा हामीले गरेका छौँ । हरेक कम्पनीले छुट्टाछुट्टै सडक खन्ने झन्झट पनि योसँगै अन्त्य हुनेछ", कार्यकारी निर्देशक शाक्यले भन्नुभयो ।

नेपालका प्रत्येक घरधुरीमा डिजिटल कनेक्टिभिटी पुऱ्याउने सरकारको लक्ष्य हासिल गर्न उक्त कम्पनीले सहयोग पुऱ्याउने विश्वास गरिएको छ । उहाँले भन्नुभयो, "ग्रामीण क्षेत्रमा आफ्नै पूर्वाधार निर्माण गर्न निजी कम्पनीहरूलाई अत्यन्तै महँगो पर्ने हुनाले प्राधिकरणको विद्यमान प्रसारण लाइन प्रयोग गर्दा सेवा लागत घट्ने र सर्वसाधारणले सस्तोमा इन्टरनेट पाउने वातावरण बन्नेछ ।"


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- ❖आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ❖आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- ❖नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- ❖आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- ❖सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- ❖सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ❖जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- ❖सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- ❖अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**राष्ट्राध्यक्ष...**

बोकेकाले उच्चस्तरीय रणनीतिक चीन मलेसिया भाग्य एकरूपताको निर्माणलाई अघि बढाउनका लागि त्यसको महत्त्वपूर्ण अर्थ रहेको छ ।

सो पाठक सम्मेलन चीनको राज्य परिषद् प्रेस कार्यालय, चिनियाँ अन्तर्राष्ट्रिय कम्युनिकेसन ग्रुप र मलेसियाका लागि चिनियाँ दूतावासको संयोजकत्वमा आयोजना गरिएको हो । चीन मलेसिया दुवै देशका प्रकाशन, थिङ्कट्याङ्क र मिडिया संस्थालगायतका विभिन्न क्षेत्रका झन्डै २ सय अतिथिहरू सहभागी भएका छन् ।

**शासक...**

उहाँले भन्नुभयो, "समाजवादी व्यवस्था स्थापनाको निम्ति शोषित पीडितवर्गले शोषकविरूद्ध सङ्घर्ष जारी राख्नुपर्छ ।"

पार्टीका केन्द्रीय सदस्य बखत थापाले पार्टी कार्यकर्ताहरूले साना साना कुरामा अल्झिनुभन्दा समाजवादी क्रान्तिको निम्ति जनतालाई सचेत पार्न लाग्नु जरूरी छ भन्नुभयो ।

नेक्रामसङ्घ सुर्खेतका अध्यक्ष निरकबहादुर शाहीको सभापतित्वमा सम्पन्न कार्यक्रममा पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्का, नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहरा, नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटा, नेमकिपा कर्णालीका धनेन्द्र विक, अङ्गबहादुर शाही, मनबहादुर विकले पनि बोल्नुभएको थियो ।

महेन्द्र सिजापति, शेरबहादुर शाही, रणबहादुर राना, प्रेम थापा, अकल राना, ऐनबहादुर शाही, टीका पोखरलले अन्तरक्रियामा भाग लिनुभएको थियो ।

कार्यक्रममा बिजुकला राना र शर्मिला विकले देउडा गीत र गजल प्रस्तुत गर्नुभयो भने छत्रिका रानाले देउडा, एमुना सुनार र सङ्गीता सुनारले नृत्य प्रस्तुत गर्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म
१९९२/०५/१०

निधन
२०८३/०१/०९

हाम्रा आत्मीय मित्र रामप्रसाद चिकंबन्जारकी ममतामयी माता **नानीमैया चिकंबन्जार**को दु:खद निधन भएको आज दसौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

**कुमार जाकिबंजार** — **राजेश शिल्पकार**
**हरिशरण बाईजु** — **हिराकाजी खर्बुजा**



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**अनिवार्य शिक्षा शिविर कार्यक्रम**

**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

शिक्षा उपसमिति

### संस्थाको ऋण सुविधा उपयोग गरौं

## नव उद्यम ऋण

वार्षिक ६.५% ब्याजदरमा




- ◆स्वदेशमै नयाँ व्यवसाय सुरू गर्न ।
- ◆हाल अधिकतम **पच्चीस लाख**सम्मको लगानी ।

* सर्तहरू लागु हुनेछ ।

### गतिविधि





१३७[औं] अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्पन्न प्रवचन कार्यक्रममा मन्तव्य राख्नुहुँदै वाग्मती प्रदेश सांसद् एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाई तथा कार्यक्रममा सहभागी संस्थाको समिति, उपसमिति र कर्मचारीहरू । (वैशाख १६)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'


**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS



## हार्दिक समवेदना



जन्म
२०१८/०१/०३

निधन
२०८३/०१/०९

यस संस्थाका शेयर सदस्य नं २७९ का सू.न.पा.१०, चित्तपोल निवासी **विश्वराम माकजु**को असामयिक निधन भएकोले दसौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजन तथा आफन्तहरूमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-८, भक्तपुर



पान नं.: ३०४५७५७३६
दर्ता नं.: ५४२(४२३)०६६/०६७

"बचतको आधार भविष्यको पूर्वाधार"

दियालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
सल्लाघारी, भ.न.पा.-१

**दियालो बचत तथा ऋण सहकारी संस्था लि.**
Saving and Credit Co-operative Ltd.
"Lighting your Business"
सल्लाघारी, भक्तपुर-१ । फोन नं.: ०१-६६११२५५

## भाका नाघेको साँवा र ब्याज बुझाउनेबारे

यस दियालो बचत तथा ऋण सहकारी संस्था लि.बाट विभिन्न शीर्षकअन्तर्गत ऋण लिई सर्त सम्झौताबमोजिम बुझाउनुपर्ने किस्ताको रकम, ब्याज तथा साँवा तोकिएको म्यादभित्र नबुझाई कर्जासम्बन्धी सर्त कबुलियत उल्लङ्घन गर्नुभएको र रकम तिर्न बुझाउन पटकपटक मौखिक, फोनबाट र पत्रमार्फत पटकपटक ताकेता गर्दासमेत बुझाउनुपर्ने भाका नाघेको रकम नबुझाएको हुँदा यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र ऋणको साँवा, ब्याज रकम चुक्ता गर्न सूचित गरिन्छ ।

अन्यथा ऋणी र सहकारी संस्थाबिच भए गरेका सम्झौता, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम तथा ऋण नीति २०७४ बमोजिम तथा अन्य प्रचलित ऐन कानुनले दिएको अधिकार प्रयोग गरी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाउने व्यहोरासमेत जानकारी गराइएको छ । साथै संस्थाको सम्पूर्ण लेना रकम असुल गर्ने तर्फ कारबाहीको सिलसिलामा तपाईंको फोटोसहितको तीनपुस्ते विवरण सार्वजनिक सूचना 'मजदुर' दैनिक एवं विभिन्न सञ्चारमाध्यमहरूबाट प्रकाशित गरिने र कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गराइने व्यहोरा अग्रीम जानकारी गराइएको छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा